# कर्णाली प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

## अर्धवार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०८२/८३)




कर्णाली प्रदेश

नेपाल राष्ट्र बैंक
सुर्खेत कार्यालय
२०८३ जेठ

# प्राक्कथन

नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन, २०७३ समेत) को दफा १२ अनुसार बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्रा प्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर तथा विदेशी विनिमय जस्ता विषयहरुसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण सहितको जानकारी नियमित रूपमा प्रकाशन र प्रसारण गर्दै आएको छ । साथै, नेपाल राष्ट्र बैंकले देशको अर्थतन्त्रसँग प्रत्यक्षरूपमा सम्बन्ध राख्ने आवश्यक नीति तथा योजना तर्जुमा तथा कार्यान्वयन गर्न, विभिन्न आर्थिक चरहरुसँगको अन्तर-सम्बन्ध विश्लेषण गरी नेपाल सरकारका निकायहरु, अन्तर्राष्ट्रिय संघ संस्थाहरु तथा नेपालको समष्टिगत अर्थ-स्वरूपको बारेमा सरोकार राख्ने पक्षहरुलाई नियमितरूपमा जानकारी गराउनको लागि वास्तविक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कहरुको संकलन एवम् विश्लेषण गर्दै आइरहेको छ । आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित सूचना एवम् तथ्याङ्कको विश्लेषणबाट देशको आर्थिक विकासको अवस्था, यसको आधार एवम् गुणस्तरको जानकारी प्राप्त हुने हुँदा दिगो आर्थिक वृद्धि तथा स्थायित्व प्राप्त गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहयोग पुग्दछ । संघीयता कार्यान्वयन पश्चात् प्रशासनिक विभाजनको परिवर्तित स्वरूपलाई ध्यानमा राखी संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन गरी आवश्यक सल्लाह प्रदान गर्न, आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एवम् तथ्याङ्कको दायरा विस्तार गर्न नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले जारी गरेको आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित) अनुसार नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालयद्वारा कर्णाली प्रदेशको आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

प्रदेशका १० जिल्लाहरुमध्ये सुर्खेत, सल्यान र जाजरकोट बाट स्थलगत तथा हुम्ला, जुम्ला, दैलेख, कालिकोट, रुकुम पश्चिम, डोल्पा र मुगुबाट गैरस्थलगत रुपमा कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक तथ्याङ्क संकलन तथा प्रशोधन गरी विश्लेषण गरिएको छ । आर्थिक गतिविधिको विश्लेषण गर्नका लागि द्वितीय तथ्याङ्कहरु समेत प्रयोग गरी विभिन्न क्षेत्रहरुका चरहरुको प्रवृत्ति विश्लेषण गरिएको छ । प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया, छलफल एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत चुनौती, सम्भावना तथा परिदृश्य समेत चित्रण गरिएको छ ।

प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरुप्रति आभार प्रकट गर्दछु । बैंक तथा वित्तीय क्षेत्रको तथ्याङ्कको साथै अत्यावश्यक सल्लाह, सुझाव उपलब्ध गराई सहयोग गर्नुहुने आर्थिक अनुसन्धान विभागलाई धन्यवाद ज्ञापन गर्दछु । प्रतिवेदन लेखनमा विशेष भूमिका निर्वाह गर्नुहुने सहायक निर्देशकहरु श्री सागर मालाकार र श्री बाबु राम बोहोरा, प्रधान सहायक श्री पंख प्रसाद आचार्य र सहायक श्री सरिता अधिकारीलाई धन्यवाद ज्ञापन गर्दछु । साथै, तथ्याङ्क संकलनका क्रममा सहयोग पुऱ्याउनु हुने अन्य इकाई तथा फाँटका अधिकृत तथा कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

**राजन प्रसाद रेग्मी**

**उप-निर्देशक**

## विषय सूची


| शीर्षक | पेज नं. |
| --- | --- |
| **आवरण पृष्ठ** | |
| **प्राक्कथन** | क |
| **विषय सूची** | ख |
| **तालिका सूची** | घ |
| **चार्ट सूची** | ङ |
| **सारांश** | च |
| **परिच्छेद १: अध्ययन परिचय** | |
| १.१ पृष्ठभूमि | १ |
| १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन | १ |
| १.३ अध्ययन प्रतिवेदनको सीमा | २ |
| १.४ अध्ययन प्रतिवेदनको ढाँचा | २ |
| **परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति** | |
| २.१ नेपालको समष्टिगत आर्थिक स्थिति | ३ |
| २.२ राष्ट्रिय अर्थतन्त्रमा कर्णाली प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| २.३ अन्तरप्रदेश तुलना | ३ |
| २.४ प्रादेशिक चुनौती तथा सम्भावना | ४ |
| **परिच्छेद ३: कृषि क्षेत्र** | |
| ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ५ |
| ३.२ कृषि उत्पादन | ६ |
| ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन | ७ |
| ३.४ सिँचाई | ८ |
| ३.५ क्षेत्रगत कृषि कर्जा | ९ |
| ३.६ कृषि क्षेत्रको चुनौती र सम्भावना | १० |
| **परिच्छेद ४: उद्योग क्षेत्र** | |
| ४.१ प्रमुख उद्योगको क्षमता उपयोग तथा उत्पादन | ११ |
| ४.२ क्षेत्रगत औद्योगिक कर्जा | ११ |
| ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | १३ |
| **परिच्छेद ५: सेवा क्षेत्र** | |
| ५.१ पर्यटन | १४ |
| ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट | १४ |

५.३ वित्तीय सेवा १५

५.४ यातायात १६

५.५ सेवा क्षेत्र कर्जा १६

५.६ सहकारी क्षेत्र १७

५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना १८

**परिच्छेद ६ : पूर्वाधार र रोजगारी**

६.१ पूर्वाधार क्षेत्र १९

६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना २२

६.३ रोजगारी २२

६.४ रोजगारीको चुनौती र सम्भावना २३

**परिच्छेद ७: प्रादेशिक कार्यक्रम तथा योजना**

७.१ प्रादेशिक सरकारी वित्त २४

७.२ स्थानीय सरकारको वित्तीय स्थिति विश्लेषण २४

**परिच्छेद ८: आर्थिक परिदृष्य**

८.१ कृषि क्षेत्र २६

८.२ औद्योगिक क्षेत्र २६

८.३ सेवा क्षेत्र २६

८.४ पूर्वाधार क्षेत्र २६

# तालिका सूची

| शीर्षक | पेज नं |
|---|---|
| तालिका २.१: प्रादेशिक आर्थिक परिसूचकहरु | ३ |
| तालिका ३.१: कृषि उपजले ढाकेको भु-क्षेत्र (जिल्लागत) | ५ |
| तालिका ३.२: प्रमुख कृषि बालीको उत्पादन | ७ |
| तालिका ३.३: प्रमुख पशुपन्छीजन्य उत्पादन | ८ |
| तालिका ३.४: जिल्लागत कृषि कर्जा | ९ |
| तालिका ४.१: जिल्लागत औद्योगिक कर्जा | १२ |
| तालिका ५.१: कर्णाली प्रदेशमा नमुना छनोटमा परेका होटलहरुबाट संकलन गरिएका तथ्याङ्क स्थिति | १४ |
| तालिका ५.२: सार्वजनिक निर्माण तथा रियलस्टेट | १५ |
| तालिका ५.३: बैंक तथा वित्तीय संस्थाका शाखाहरुको जिल्लागत विवरण | १५ |
| तालिका ५.४: यातायातका साधनको संख्या (जुम्ला) | १६ |
| तालिका ५.५: जिल्लागत सेवा क्षेत्र कर्जा | १७ |
| तालिका ६.१: कर्णाली प्रदेशमा निर्माण भएको सडकसम्बन्धी विवरण | १९ |
| तालिका ६.२: कर्णाली प्रदेशमा निर्माण भएको पुलसम्बन्धी विवरण | १९ |
| तालिका ६.३: राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमअन्तर्गत जिल्लागत सिर्जित रोजगारीको विवरण | २२ |
| तालिका ६.४: जिल्लागत वैदेशिक रोजगारीको विवरण | २३ |
| तालिका ७.१: प्रदेशगत खर्चको स्थिति | २४ |
| तालिका ७.२: प्रदेशगत राजस्व परिचालनको स्थिति | २४ |
| तालिका ७.३: कर्णाली प्रदेशको स्थानीय तहहरुको खर्च र राजस्व प्राप्तिको स्थिति | २५ |

## चार्ट सूची


| शीर्षक | पेज नं. |
| --- | --- |
| चार्ट १: प्रमुख खाद्यान्न बालीले ढाकेको भू-क्षेत्र | ५ |
| चार्ट २: प्रमुख खाद्यान्न बालीहरुको उत्पादन स्थिति | ६ |
| चार्ट ३: सिँचाई क्षेत्रमा भएको विस्तार | ९ |
| चार्ट ४: उद्योगको क्षमता उपयोगको अवस्था | ११ |
| चार्ट ५: औद्योगिक कर्जा लगानी स्थिति | १२ |
| चार्ट ६: निक्षेप तथा कर्जाको स्थिति | १५ |
| चार्ट ७: छनौटमा परेका सहकारी संस्थाहरुको २०८२ पुस मसान्तको विवरण | १७ |

## सारांश

### समष्टिगत आर्थिक स्थिति

१. राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर ३.८५ प्रतिशत रहने अनुमान छ भने आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर ४.४३ प्रतिशत रहने संशोधित अनुमान छ।

२. आर्थिक वर्ष २०८२/८३ को कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको योगदान क्रमशः २४.५ प्रतिशत, १३.७ प्रतिशत र ६१.८ प्रतिशत रहने प्रारम्भिक अनुमान छ।

३. आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेशको आर्थिक वृद्धिदर २.९४ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३१.५२ प्रतिशत, १०.०७ प्रतिशत र ५८.४१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ।

### कृषि क्षेत्र

४. आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्ममा कर्णाली प्रदेशमा खाद्य बालीले ढाकेको भू-क्षेत्र अघिल्लो वर्षको सोही अवधिको तुलनामा ०.३७ प्रतिशतले वृद्धि भएको छ।

५. समीक्षा अवधिमा प्रमुख खाद्य बालीमध्ये धान बालीले ढाकेको क्षेत्रफलमा २.९४ प्रतिशतले ह्रास आएको छ भने मकै, गहुँ, कोदो, जौ र फापर बालीले ढाकेको क्षेत्रफलमा क्रमशः ०.३१ प्रतिशत, ०.२५ प्रतिशत, ०.२५ प्रतिशत, ११.१७ प्रतिशत र २.४९ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, तरकारी तथा बागबानी बालीले ढाकेको क्षेत्रफलमा ०.२५ प्रतिशतले वृद्धि भएको छ भने फलफूल खेतीले ढाकेको क्षेत्रफल ४.५१ प्रतिशतले वृद्धि भएको छ।

६. समीक्षा अवधिमा कर्णाली प्रदेशमा समग्र कृषि बालीको उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ०.०५ प्रतिशतले घटेको छ। तथापि यस अन्तर्गत खाद्य, नगदे तथा अन्य बालीको उत्पादन भने २.०६ प्रतिशतले बढेको छ।

७. समीक्षा अवधिमा प्रमुख खाद्य बालीमध्ये धान, मकै, गहुँ, कोदो, जौ र फापर बालीको उत्पादन क्रमशः ६.७६ प्रतिशत, ०.२५ प्रतिशत, २.५० प्रतिशत, ०.३४ प्रतिशत, १३.७४ प्रतिशत र २.५१ प्रतिशतले वृद्धि भएको छ।

८. आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्ममा तरकारी तथा बागबानी उत्पादन र फलफूल खेतीको उत्पादन क्रमशः ४.७१ प्रतिशत र ४.११ प्रतिशतले घटेको छ।

९. २०८२ पुस मसान्तमा कर्णाली प्रदेशमा प्रवाह भएको कृषि कर्जा २०८१ पुस मसान्तको तुलनामा ५.०७ प्रतिशतले घटेको छ। कर्णाली प्रदेशमा प्रवाह भएको समग्र कर्जाको ७.६३ प्रतिशत हिस्सा कृषि कर्जाले ओगटेको छ।

### उद्योग क्षेत्र

१०. समीक्षा अवधिमा कर्णाली प्रदेशमा नमूना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ४४.२५ प्रतिशत रहेको छ। कागज तथा कागजका उत्पादनसम्बन्धी उद्योगको क्षमता उपयोग सबैभन्दा बढी १००.० प्रतिशत रहेको छ भने बिजुलीका तार र केबल उत्पादनसम्बन्धी उद्योगको क्षमता उपयोग सबैभन्दा कम ११.० प्रतिशत रहेको छ।

११. समीक्षा अवधिमा औद्योगिक कर्जा गत वर्षको सोही अवधिको तुलनामा १६.४५ प्रतिशतले वृद्धि भएको छ। कर्णाली प्रदेशमा प्रवाह भएको समग्र कर्जाको ६.८९ प्रतिशत हिस्सा औद्योगिक कर्जाले ओगटेको छ।

### सेवा क्षेत्र

१२. समीक्षा अवधिमा यस प्रदेशमा भित्रिने पर्यटकको संख्या ५०.०७ प्रतिशतले घटेको छ। भारत, चीन र तेस्रो मुलुकबाट भित्रिने पर्यटकको संख्यामा क्रमशः ५०.८६ प्रतिशत, ७०.८२ प्रतिशत र ३२.४६ प्रतिशतले कमी आएको छ।

१३. समीक्षा अवधिमा सेवा क्षेत्रको कर्जा गत वर्षको सोही अवधिको तुलनामा ९.०८ प्रतिशतले बढेको छ। यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा धेरै ८५.४८ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाह भएको छ। २०८२ पुस मसान्तमा कर्णाली प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या ४८० पुगेको छ र कर्जा निक्षेप अनुपात ६८.० प्रतिशत रहेको छ।

## पूर्वाधार क्षेत्र र रोजगारी

१४. कर्णाली प्रदेशमा निर्माणाधीन पुष्पलाल लोकमार्ग, कर्णाली करिडोर, मदन भण्डारी राजमार्ग र भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाहरुको निर्माण कार्यले गति लिइरहेको देखिन्छ ।

१५. आर्थिक वर्ष २०८२/८३ को साउन देखि पुस मसान्तसम्ममा कर्णाली प्रदेशबाट वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिनेको संख्या १४ हजार ६६ रहेको छ ।

## परिच्छेद १: अध्ययन परिचय

### १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्रा प्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर तथा विदेशी विनिमय लगायतका विषयसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण गर्ने गर्दछ । यस बैंकले देशको अर्थतन्त्रसँग प्रत्यक्षरूपमा सम्बन्ध राख्ने आवश्यक नीति तथा योजना तर्जुमा तथा कार्यान्वयन गर्न र विभिन्न आर्थिक चरहरुसँगको अन्तर-सम्बन्ध विश्लेषण गरी नेपाल सरकारका निकायहरु, अन्तर्राष्ट्रिय संघ संस्थाहरु तथा सरोकारवाला पक्षलाई नियमितरूपमा जानकारी गराउने उद्देश्यले सम्बन्धित क्षेत्रको तथ्याङ्कको नियमित संकलन गरी विश्लेषण सहितको प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यस्तो प्रतिवेदन अर्धवार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ ।

प्रस्तुत कर्णाली प्रदेशको अर्धवार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन सुर्खेत, सल्यान, जाजरकोट, हुम्ला, जुम्ला, दैलेख, कालिकोट, रुकुम पश्चिम, डोल्पा र मुगु गरी कुल १० जिल्लाहरुको २०८२ साउनदेखि २०८२ पुस मसान्तसम्मको तथ्याङ्क एवम् विवरणको आधारमा तयार गरिएको छ ।

### १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

१. आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्ममा कर्णाली प्रदेशको समग्र आर्थिक स्थिति सहित कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगति तथा आगामी अवधिको आर्थिक परिदृश्य यो प्रतिवेदनमा समावेश गरिएको छ । त्यसैगरी, राष्ट्रिय अर्थतन्त्रमा कर्णाली प्रदेशको अवस्थिति र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण समेत प्रतिवेदनमा समावेश गरिएको छ । प्रतिवेदनमा कृषि, उद्योग, सेवा, पूर्वाधार र रोजगारी क्षेत्रमा देखिएका समस्या एवम् चुनौतीहरुका बारेमा संक्षिप्त विश्लेषण गरिएको छ ।

२. नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ समेत) अनुसार यस प्रदेशका सबै जिल्लाहरुमा तोकिएका सरकारी कार्यालय र सेवा प्रदायक निकायहरुमा मूलतः स्थलगत सर्वेक्षण र सम्बन्धित निकायहरुबाट प्राप्त विवरणको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

३. अध्ययनको लागि तथ्याङ्क तथा विवरण देहाय बमोजिम संकलन गरिएको छ ।

   क. कृषिसम्बन्धी तथ्याङ्क कर्णाली प्रदेशका दश वटै जिल्लास्थित कृषि विकास कार्यालयहरु, कर्णाली प्रदेश अन्तर्गतको कृषि विकास निर्देशनालय, पशुपन्छी विकास निर्देशनालय लगायतका निकायहरुबाट संकलन गरिएको छ ।

   ख. कर्णाली प्रदेशमा सञ्चालनमा रहेका उद्योगहरुको तथ्याङ्क उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरुबाट लिइएको छ भने औद्योगिक क्षेत्रको क्षमता, उद्योगहरुको उत्पादनको अवस्था र यस क्षेत्रले सृजना गरेको रोजगारी लगायतका विषयको विश्लेषणका लागि नमूना छनौटमा परेका उद्योगहरुबाट तथ्याङ्क संकलन गरिएको छ ।

   ग. सेवा क्षेत्र अन्तर्गत बैंकिङ्ग तथ्याङ्क नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागबाट संकलन गरिएको छ । पर्यटन गतिविधिसम्बन्धी विश्लेषणका लागि यस प्रदेशमा रहेका ८ प्रमुख पर्यटकस्तरीय होटलहरुबाट तथ्याङ्क संकलन गरिएको छ । घरजग्गा नक्सा पास तथ्याङ्क कर्णाली प्रदेशस्थित १० वटा नगरपालिकाहरुबाट संकलन गरिएको छ । त्यस्तै, सहकारी क्षेत्रको विश्लेषणका लागि कर्णाली प्रदेशमा सञ्चालनमा रहेका सहकारी संस्था मध्येबाट नमूना छनोट गरी १० सहकारी संस्थाबाट प्राप्त तथ्याङ्कलाई आधार मानिएको छ ।

   घ. पूर्वाधारसम्बन्धी तथ्याङ्क यस प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, यातायात व्यवस्था कार्यालय, विद्युत प्राधिकरण, सडक डिभिजन कार्यालय तथा सम्बन्धित आयोजनाबाट लिइएको छ ।

   ङ. प्रादेशिक र स्थानीय सरकारको वित्तसम्बन्धी तथ्याङ्क यस प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गत प्रदेश तथा लेखा नियन्त्रक कार्यालय र सम्बन्धित स्थानीय तहहरुबाट संकलन गरिएको छ ।

## १.३ अध्ययन प्रतिवेदनको सीमा

१. देशले संघीय शासन व्यवस्था अंगिकार गरेपश्चात् तथ्याङ्क प्रदायक निकायहरुको नीतिगत तथा कार्यगत भूमिका परिवर्तन भएको छ । संघीयतासँगै सम्बन्धित निकायहरुको पुर्नसंरचना भएकोले तथ्याङ्कहरुलाई संगठित तथा सु-व्यवस्थित गर्ने कार्य अझै पूर्ण भई नसकेको हुँदा विशेष गरी कृषि, शिक्षा, स्वास्थ्य र सडक जस्ता पूर्वाधारको विवरणमा समयगत तथा निकायगत एकरुपता कायम हुन सकेको छैन । कतिपय तथ्याङ्क प्रदायक निकायहरुले नियमित रुपमा तथ्याङ्क संकलन नगर्ने तथा तथ्याङ्कको माग भईआएको अवस्थामा मात्र संकलन गरी प्रदान गर्ने गरेको कारण अघिल्लो वर्षका केही तथ्याङ्कमा एकरुपता कायम हुन सकेको छैन ।

२. सेवा क्षेत्र अन्तर्गत पर्यटनसम्बन्धी तथ्याङ्कमा कतिपय जिल्लाहरुमा होटल व्यवसायी संघ गठन नभएको र गठन भएका जिल्लाहरुको हकमा पनि होटलमा आएका पर्यटकहरुको अभिलेख राख्ने अभ्यास नभएको हुँदा नमूना छनोटमा परेका ८ होटलहरुबाट तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ ।

३. कृषि क्षेत्रको तथ्याङ्क संकलन तथा विश्लेषण गर्दा वार्षिक ढाँचामा तथ्याङ्क संकलन गरिएको र केही कृषिजन्य उत्पादनहरु मौसमी प्रकृतिको हुने भएकोले तथ्याङ्क संकलनको समयमा सो तथ्याङ्क उपलब्ध हुन नसक्ने समेत देखिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनमा ८ वटा परिच्छेद रहेका छन् । परिच्छेद १ मा अध्ययनको परिचय, परिच्छेद २ मा प्रदेशको तुलनात्मक स्थिति, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र, परिच्छेद ६ मा पूर्वाधार र रोजगारी र परिच्छेद ७ मा प्रादेशिक कार्यक्रम तथा योजनाको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ । यसैगरी, परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २ः प्रदेशको तुलनात्मक स्थिति

## २.१ नेपालको समष्टिगत आर्थिक स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ३.८५ प्रतिशत रहने तथा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.६६ खर्ब रहने प्रारम्भिक अनुमान छ । गत आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ४.४३ प्रतिशत हुने संशोधित अनुमान रहेको छ । आर्थिक वर्ष २०८२/८३ को कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको योगदान क्रमशः २४.५ प्रतिशत, १३.७ प्रतिशत र ६१.८ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । त्यसैगरी, प्रतिव्यक्ति आम्दानी १५१३ अमेरिकी डलर रहने प्रारम्भिक अनुमान छ ।

## २.२ राष्ट्रिय अर्थतन्त्रमा कर्णाली प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रु.२ खर्ब ७७ अर्ब पुग्ने अनुमान छ। यसैगरी, आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशको आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) २.९४ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा समग्र कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३१.५२ प्रतिशत, १०.०७ प्रतिशत र ५८.४१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको योगदान ४.२० प्रतिशत रहने प्रारम्भिक अनुमान छ। आर्थिक वर्ष २०८१/८२ मा यस्तो योगदान ४.२५ प्रतिशत रहने संशोधित अनुमान रहेको छ। आर्थिक वर्ष २०८२/८३ मा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा कर्णाली प्रदेशको योगदान क्रमशः ५.५१ प्रतिशत, ३.०२ प्रतिशत र ३.७६ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ।

## २.३ अन्तरप्रदेश तूलना

### प्रदेशगत अर्थतन्त्रको आकार

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरुको समग्र आर्थिक स्थिति तुलना गर्दा आर्थिक वर्ष २०८२/८३ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३६.७१ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.२० प्रतिशत) रहेको छ । कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा धेरै (२१.३६ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (५.५१ प्रतिशत) रहेको छ । उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (३३.८१ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.०२ प्रतिशत) रहेको छ । यसैगरी, सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (४६.४८ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.७६ प्रतिशत) रहेको छ ।

**तालिका २.१ः प्रादेशिक आर्थिक परिसूचकहरु**
**(आर्थिक वर्ष २०८२/८३)**

| आर्थिक परिसूचक/प्रदेश | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, *रु.अर्बमा*) | १०४३.१२ | ८६३.३३ | २४२३.१२ | ५९२.६८ | ९३६.७२ | **२७७.२५** | ४६३.८९ | **६६००.१०** |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.८० | १३.०८ | ३६.७१ | ८.९८ | १४.१९ | **४.२०** | ७.०३ | **१००.००** |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.३६ | १९.०४ | १७.१५ | ९.५९ | १७.५८ | **५.५१** | ९.७८ | **१००.००** |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १७.७९ | १०.८१ | ३३.८१ | १३.३५ | १४.९४ | **३.०२** | ६.३० | **१००.००** |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १३.१४ | १०.२० | ४६.४८ | ८.७४ | १२.२४ | **३.७६** | ५.४५ | **१००.००** |
| **कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)** | | | | | | | | |
| कृषि क्षेत्र | ३२.४७ | ३४.९७ | ११.२३ | २५.६६ | २९.७६ | **३१.५२** | ३३.४३ | **२४.०३** |
| उद्योग क्षेत्र | १७.६७ | १२.१८ | १२.२४ | १९.०० | १५.३२ | **१०.०७** | १३.९१ | **१४.१६** |
| सेवा क्षेत्र | ४९.८५ | ५२.८६ | ७६.५३ | ५५.३५ | ५४.९२ | **५८.४१** | ५२.६६ | **६१.८१** |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, जेठ, २०८३ ।*

### २.४ प्रादेशिक चुनौती तथा सम्भावना

#### २.४.१ प्रादेशिक चुनौती

१. कर्णाली प्रदेशको भौगोलिक विकटता र सीमित स्रोत साधनका कारण सुरक्षित, गुणस्तरीय र भरपर्दो सडक पूर्वाधार विकास गर्नु ।

२. हवाई यातायातलाई सुलभ र सहज यातायातको साधनको रुपमा विकास गर्नु, निजी क्षेत्रलाई प्रदेशको हवाई सेवा विस्तारमा आकर्षित गर्नुका साथै, प्रदेशका विमानस्थलहरुलाई आर्थिक रुपमा सक्षम हुने गरी सञ्चालन गर्नु ।

३. बहुमूल्य जडीबुटीहरुको प्रदेशमै प्रशोधन गरी प्रदेशबाटै अन्तिम वस्तुको उत्पादन तथा बिक्री वितरण गर्नु ।

४. परम्परागत खेतीमा आधारित निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिक, वैज्ञानिक र रोजगारीयुक्त व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गर्नु ।

५. दीर्घकालीन रोजगारीका अवसरहरु सृजना गरी उल्लेख्य मात्रामा रहेको गरिबी दरलाई न्यूनीकरण गर्नु ।

६. लगानीको वातावरण सृजना गरी उत्पादन र रोजगारी वृद्धि गर्नु ।

७. अथाह सम्भावना भएका प्राकृतिक स्रोतहरुको उत्खनन, प्रशोधन र अध्ययन अनुसन्धान गरी प्रादेशिक तहमा उद्योग तथा उद्यमशीलता विकास गर्नु ।

#### २.४.२ प्रादेशिक सम्भावना

१. सुर्खेत जिल्लाको छिन्चुदेखि उपल्लो डोल्पा जाने भेरी करिडोर, वीरेन्द्रनगर, सुर्खेतबाट हुम्लाको हिल्सासम्मको कर्णाली करिडोर र कर्णाली राजमार्ग अन्तर्गत कालिकोटको सेरिघाट-जुम्लाको खलङ्गा-मुगुको नाक्चेलाग्ना खण्ड सडकको समयमै गुणस्तरीय निर्माण तथा स्तरोन्नति हुन सकेमा शे-फोक्सुण्डो ताल, रारा ताल र हुम्लाको लिमीबाट कैलाश मानसरोवर दर्शनका लागि लाखौं पर्यटक भित्र्याउन सकिने सम्भावना रहेको छ ।

२. सल्यानको कुपिन्डे दह, दैलेखको ज्वालामुखी, हुम्लाको लिमी उपत्यका, जुम्लाको सिंजा, डोल्पाको डोल्पोबुद्ध, धो र रिग्मो जस्ता ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक एवम् पर्यटकीय स्थलको संरक्षण र सम्वर्द्धन गरी आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ ।

३. जडिबुटी प्रशोधन केन्द्र स्थापना गरी प्रशोधित जडिबुटीलाई उचित मूल्यमा निर्यात गर्न सकिने सम्भावना रहेको छ ।

४. निर्यातयोग्य रैथाने उत्पादन जस्तैः मार्सी धान, चिनो, फापर, कोदो, कागुनो, जुनेलो, लट्टे, सिमी, ओखर लगायतका कृषि उपजहरुको ब्राण्डिङ्ग गरी बजारीकरण गर्न सकेमा रोजगारी र आयस्तर वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

५. दैलेख जिल्लामा रहेको प्राकृतिक ग्याँस र पेट्रोलियम पदार्थको व्यवस्थित रुपमा उत्खनन गरी आयात प्रतिस्थापन गर्न सकिने सम्भावना रहेको छ ।


## परिच्छेद ३: कृषि क्षेत्र

### ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

#### ३.१.१ खाद्य बाली:

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा यस प्रदेशमा खाद्य बालीले ढाकेको कुल क्षेत्रफल ०.३७ प्रतिशतले बढेको छ। गत वर्ष यस्तो क्षेत्रफल ५.२० प्रतिशतले घटेको थियो। धान बालीले ढाकेको क्षेत्रफलमा २.९४ प्रतिशतले कमी आएको छ भने मकै, जौ र फापर बालीले ढाकेको क्षेत्रफल क्रमश: ०.३१ प्रतिशत, ११.१७ प्रतिशत र २.४९ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी गहुँ र कोदो बालीले ढाकेको क्षेत्रफल समान ०.२५ प्रतिशतले बढेको छ।

**चार्ट १: प्रमुख खाद्यान्न बालीले ढाकेको भू-क्षेत्र**
**(हजार हेक्टरमा)**




*स्रोत: कृषि विकास निर्देशनालय, वीरेन्द्रनगर, सुर्खेत र जिल्लास्थित कृषि विकास कार्यालयहरु।*

**३.१.२ तरकारी:** समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल ०.२७ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा उक्त क्षेत्रफल ३.६३ प्रतिशतले बढेको थियो।

**३.१.३ फलफूल तथा मसला:** समीक्षा अवधिमा फलफूलले ढाकेको क्षेत्रफल ४.५१ प्रतिशत र मसला बालीले ढाकेको क्षेत्रफल ०.१४ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा फलफूलले ढाकेको क्षेत्रफल ७.१९ प्रतिशत र मसला बालीले ढाकेको क्षेत्रफल ०.०७ प्रतिशतले बढेको थियो।

**तालिका ३.१: कृषि उपजले ढाकेको भु-क्षेत्र (जिल्लागत)**

| | क्षेत्रफल (हेक्टर) | | | | हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| सुर्खेत | ५२८२६.० | ३१२४.५ | १०३२.० | ११०४.० | १९.७६ | १४.९० | ५.९४ | १९.१३ |
| दैलेख | ४७६३८.० | ३१००.० | १९३५.० | ७१८.० | १७.८२ | १४.७८ | ११.१५ | १२.४४ |
| जुम्ला | १९६९७.० | ६३५.० | ४४९७.० | २१५.० | ७.३७ | ३.०३ | २५.९० | ३.७३ |
| रुकुम पश्चिम | २३३६७.० | १९३०.० | २९०.० | ६५३.० | ८.७४ | ९.२० | १.६७ | ११.३२ |
| हुम्ला | ६३१५.५ | ४००.० | ३०२२.५ | १३०.० | २.३६ | १.९१ | १७.४१ | २.२५ |
| जाजरकोट | २९६९१.२५ | ४२७.० | १२७८.० | २८७.० | ११.११ | २.०४ | ७.३६ | ४.९७ |
| कालिकोट | २०६६१.० | १४३६.० | २१२०.० | ३२९.० | ७.७३ | ६.८५ | १२.२१ | ५.७० |
| डोल्पा | ७२५९.० | १२३१.० | ६०५.० | ३०.० | २.७२ | ५.८७ | ३.४८ | ०.५२ |
| मुगु | ८४७९.० | ४८५.० | ५४३.० | ८७.० | ३.१७ | २.३१ | ३.१३ | १.५१ |
| सल्यान | ५१३५१.० | ८२००.० | २०३९.० | २२१७.० | १९.२१ | ३९.११ | ११.७४ | ३८.४२ |
| **जम्मा** | **२६७२८४.७५** | **२०९६८.५** | **१७३६१.५** | **५७७०.०** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोत: कृषि विकास निर्देशनालय, ,वीरेन्द्रनगर, सुर्खेत र जिल्लास्थित कृषि विकास कार्यालयहरु।*


समीक्षा अवधिमा खाद्य बालीले ढाकेको क्षेत्रफलमा सुर्खेत जिल्लाको हिस्सा सबैभन्दा धेरै (१९.७६ प्रतिशत) र हुम्ला जिल्लाको हिस्सा सबैभन्दा कम (२.३६ प्रतिशत) रहेको छ। तरकारी तथा बागबानी बालीले ढाकेको क्षेत्रफलमा सल्यान जिल्लाको हिस्सा सबैभन्दा धेरै (३९.११ प्रतिशत) र हुम्ला जिल्लाको हिस्सा सबैभन्दा कम (१.९१ प्रतिशत) रहेको छ। यसैगरी, फलफूल बालीले ढाकेको क्षेत्रफलमा जुम्ला जिल्लाको हिस्सा सबैभन्दा धेरै (२५.९० प्रतिशत) र रुकुम पश्चिम जिल्लाको हिस्सा सबैभन्दा कम (१.६७ प्रतिशत) रहेको छ। मसला बालीले ढाकेको क्षेत्रफलमा सल्यान जिल्लाको हिस्सा सबैभन्दा धेरै (३८.४२ प्रतिशत) र डोल्पा जिल्लाको हिस्सा सबैभन्दा कम (०.५२ प्रतिशत) रहेको छ (तालिका ३.१)।

## ३.२ कृषि उत्पादन

समीक्षा अवधिमा यस प्रदेशमा कृषि बालीको उत्पादन ०.०५ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा कृषि बालीको उत्पादन ६.३० प्रतिशतले घटेको थियो।

**३.२.१ खाद्य बाली:** समीक्षा अवधिमा धान, मकै, गहुँ, कोदो, जौ र फापरको उत्पादन क्रमशः ६.७६ प्रतिशत, ०.२५ प्रतिशत, २.५० प्रतिशत, ०.३४ प्रतिशत, १३.७४ प्रतिशत र २.५१ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा धान, मकै, गहुँ, कोदो र जौ क्रमशः १०.२५ प्रतिशत, १२.६६ प्रतिशत, १२.३६ प्रतिशत, ३५.२७ प्रतिशत, १४.५२ प्रतिशतले घटेको थियो भने फापर उत्पादन ०.७९ प्रतिशतले बढेको थियो।

**चार्ट २: प्रमुख खाद्यान्न बालीहरुको उत्पादन स्थिति (हजार मे. टनमा)**




*स्रोतः कृषि विकास निर्देशनालय, वीरेन्द्रनगर, सुर्खेत र जिल्लास्थित कृषि विकास कार्यालयहरु।*

**३.२.२ तरकारी:** समीक्षा अवधिमा तरकारी उत्पादन ५.३८ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ०.४८ प्रतिशतले घटेको थियो।

**३.२.३ फलफूल तथा मसला:** समीक्षा अवधिमा फलफूलको उत्पादन ४.११ प्रतिशतले घटेको छ। फलफूलहरुमध्ये सुन्तला, केरा र स्याउको उत्पादनमा क्रमशः १२.५७ प्रतिशत, १.५० प्रतिशत र ०.४८ प्रतिशतले कमी आएको छ भने आँपको उत्पादन १.० प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा फलफूलको उत्पादन १०.४७ प्रतिशतले बढेको थियो। उक्त अवधिमा सुन्तला, आँप, केरा र स्याउको उत्पादन क्रमशः ११.३२ प्रतिशत, ११.०२ प्रतिशत, १.१९ प्रतिशत र १०.८८ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा मसला उत्पादन ०.२५ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा मसला उत्पादन ०.४३ प्रतिशतले बढेको थियो।

**तालिका ३.२: प्रमुख कृषि बालीको उत्पादन**

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा वागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा वागवानी | फलफूल | मसला |
| सुर्खेत | १७३८९२.५ | ४०९८९.० | ९३५३.० | १४५४९.० | २१.५९ | १५.१२ | १२.११ | २१.८७ |
| दैलेख | १४४१७३.० | ३३१०५.० | ९०५३.० | ८१२४.० | १७.९० | १२.२१ | ११.७२ | १२.२१ |
| जुम्ला | ७२८३७.५ | ४११०.० | १८२४५.० | ८३६.० | ९.०४ | १.५२ | २३.६२ | १.२६ |
| रुकुम पश्चिम | ५६४५८.० | २९०००.० | २१७५.० | ८०८६.० | ७.०१ | १०.७० | २.८२ | १२.१६ |
| हुम्ला | २२१८१.१ | २९९०.० | ५५६८.० | ८२७.० | २.७५ | १.१० | ७.२१ | १.२४ |
| जाजरकोट | ७५२७३.३ | ४५०५.० | ३१२१.० | १४३६.० | ९.३५ | १.६६ | ४.०४ | २.१६ |
| कालिकोट | ४६४६०.१ | २९०४९.० | १३५९६.० | ३२२६.५ | ५.७७ | १०.७१ | १७.६० | ४.८५ |
| डोल्पा | १३८४२.० | २६१७.० | २५४२.० | ३०१.० | १.७२ | ०.९७ | ३.२९ | ०.४५ |
| मुगु | २३०८४.० | ४९८५.० | ४०२२.० | ४१७.० | २.८७ | १.८४ | ५.२१ | ०.६३ |
| सल्यान | १७७१९५.० | ११९७६५.० | ९५७६.० | २८७१६.० | २२.०० | ४४.१७ | १२.४० | ४३.१७ |
| **जम्मा** | **८०५३९६.४** | **२७१११५.०** | **७७२५१.०** | **६६५१८.५** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोत: कृषि विकास निर्देशनालय, वीरेन्द्रनगर, सुर्खेत र जिल्लास्थित कृषि विकास कार्यालयहरु ।*

खाद्य बालीको उत्पादनमा सल्यान जिल्लाको हिस्सा सबैभन्दा धेरै (२२.०० प्रतिशत) र डोल्पा जिल्लाको हिस्सा सबैभन्दा कम (१.७२ प्रतिशत) रहेको छ । तरकारी तथा बागवानी उत्पादनमा सल्यान जिल्लाको हिस्सा सबैभन्दा धेरै (४४.१७ प्रतिशत) र डोल्पा जिल्लाको हिस्सा सबैभन्दा कम (०.९७ प्रतिशत) रहेको छ । यसैगरी, फलफूल बालीको उत्पादनमा सबैभन्दा धेरै हिस्सा जुम्ला जिल्लाको (२३.६२ प्रतिशत) र रुकुम पश्चिम जिल्लाको हिस्सा सबैभन्दा कम (२.८२ प्रतिशत) रहेको छ । मसला बालीको उत्पादनमा सबैभन्दा धेरै हिस्सा सल्यान जिल्लाको (४३.१७ प्रतिशत) र डोल्पा जिल्लाको हिस्सा सबैभन्दा कम (०.४५ प्रतिशत) रहेको छ ।

### ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

**३.३.१ पशुपन्छी उत्पादन:** समीक्षा अवधिमा दुध उत्पादन १०.७९ प्रतिशत, अण्डा उत्पादन ४९.५६ प्रतिशत, ऊन उत्पादन ७.४३ प्रतिशतले बढेको छ भने मासु उत्पादन ३.४७ प्रतिशत र छाला उत्पादन १.९६ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा दुध उत्पादन ९.०८ प्रतिशत, ऊन उत्पादन ९.३५ प्रतिशत र छाला उत्पादन २.३७ प्रतिशतले घटेको थियो भने मासु उत्पादन ०.४४ प्रतिशतले र अण्डा उत्पादन २५.६८ प्रतिशतले बढेको थियो ।

**३.३.२ माछा उत्पादन:** समीक्षा अवधिमा माछा उत्पादन ०.९९ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा माछा उत्पादन १.०८ प्रतिशतले बढेको थियो ।

**३.३.३ वनजन्य उत्पादन:** समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठ, दाउरा, औषधीजन्य वस्तु र अन्य उत्पादन क्रमश: ४७.१२ प्रतिशत, ४५.५९ प्रतिशत, ६.२९ प्रतिशत र ५९.२२ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा

काठ, दाउरा, औषधीजन्य वस्तु र अन्य उत्पादन क्रमशः १३३.५४ प्रतिशत, ३०२.२२ प्रतिशत, ५०.९९ प्रतिशत, ४२.९० प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशमा जिल्लाको पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना स्वीकृत भई लागु भएसँगै वन पैदावार संकलन कार्य सुचारु भएको हुनाले वनजन्य उत्पादन उल्लेख्य वृद्धि देखिएको छ ।

**तालिका ३.३: प्रमुख पशुपन्छीजन्य उत्पादन**

| जिल्ला | उत्पादन | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दुध (हजार लिटर) | मासु (मे.टन) | अण्डा ( हजार गोटा) | माछापालन (मे. टन) | दुध | मासु | अण्डा | माछापालन |
| सुर्खेत | ११११६.२ | ४९४१.२ | ३७१६.१ | ६४.२ | २३.० | २८.४ | १९.६ | ३०.४ |
| दैलेख | ९९१४.० | २७८०.० | ३६८८.० | ४.९ | २०.५ | १६.० | १९.५ | २.३ |
| जुम्ला | ३३५.० | २१६.१ | ८५.० | ०.४ | ०.७ | १.२ | ०.४ | ०.२ |
| रुकुम पश्चिम | ६३९८.६ | ४००१.० | ३७६५.८ | ९२.० | १३.२ | २३.० | १९.९ | ४३.५ |
| हुम्ला | ८३.३ | १४६.२ | १३३६.० | ०.० | ०.२ | ०.८ | ७.१ | ०.० |
| जाजरकोट | ५०९९.० | १९०४.० | १०५०.० | २.५ | १०.६ | १०.९ | ५.५ | १.२ |
| कालिकोट | १७८५.० | ८९२.३ | १४६.० | २९.० | ३.७ | ५.१ | ०.८ | १३.७ |
| डोल्पा | ६५०.४ | २६१.४ | १७.० | ०.० | १.३ | १.५ | ०.१ | ०.० |
| मुगु | २९५०.० | १८०.५ | २३९.० | ०.० | ६.१ | १.० | १.३ | ०.० |
| सल्यान | ९९७६.० | २०९०.६ | ४८९९.० | १८.५ | २०.७ | १२.० | २५.९ | ८.७ |
| **जम्मा** | **४८३०७.५** | **१७४१३.३** | **१८९४१.९** | **२११.४** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोतः पशुपन्छी विकास निर्देशनालय, वीरेन्द्रनगर, सुर्खेत र जिल्लास्थित पशु अस्पताल तथा पशु सेवा कार्यालयहरु ।*


समीक्षा अवधिमा सुर्खेत जिल्लामा सबैभन्दा धेरै (२३.० प्रतिशत) र हुम्ला जिल्लामा सबैभन्दा कम (०.२ प्रतिशत) दुध उत्पादन भएको छ । मासु उत्पादनमा पनि सुर्खेत जिल्लाको हिस्सा सबैभन्दा धेरै (२८.४ प्रतिशत) र हुम्ला जिल्लाको हिस्सा सबैभन्दा कम (०.८ प्रतिशत) रहेको छ । अण्डा उत्पादनमा सल्यान जिल्लाको हिस्सा सबैभन्दा धेरै (२५.९ प्रतिशत) र माछा उत्पादनमा रुकुम पश्चिमको हिस्सा सबैभन्दा धेरै (४३.५ प्रतिशत) रहेको छ (तालिका ३.३) ।

## ३.४ सिँचाई

समीक्षा अवधिमा यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफल २ लाख ३३ हजार ८ सय ३३ हेक्टर मध्ये १ लाख ५० हजार २ सय ६६ हेक्टरमा खेती गरिएको छ । साथै, कुल ६४ हजार ४ सय ७१ हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा पुगेको छ । यस प्रदेशमा कुल खेती गरिएको क्षेत्रफलमा ४२.९० प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ ।

समीक्षा अवधिमा यस प्रदेशको सिञ्चित क्षेत्रफल ९.५६ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १.६७ प्रतिशतले बढेको थियो ।

**चार्ट ३: सिँचाई क्षेत्रमा भएको विस्तार**
**(हजार हेक्टरमा)**




*स्रोत: खानेपानी सिँचाई तथा उर्जा विकास निर्देशनालय, वीरेन्द्रनगर, सुर्खेत र जिल्लास्थित खानेपानी सिँचाई तथा उर्जा विकास कार्यालयहरु ।*

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०८१ पुस मसान्तको तुलनामा २०८२ पुस मसान्तमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुद्धारा कृषि क्षेत्रमा प्रवाहित कर्जा ५.०७ प्रतिशतले घटेर रु.४ अर्ब ८९ करोड ४० लाख कायम भएको छ । प्रवाहित कुल कृषि कर्जामध्ये सबैभन्दा बढी पशुपालन/पशुबधशाला शीर्षकमा रु.१ अर्ब १२ करोड ९३ लाख प्रवाह भएको छ भने सिँचाई शीर्षकमा कृषि कर्जा प्रवाह भएको छैन । यस प्रदेशमा प्रवाहित कुल कृषि कर्जामध्ये सबैभन्दा धेरै रु.१ अर्ब ७१ करोड सुर्खेतमा प्रवाह भएको छ भने सबैभन्दा कम रु.१२ करोड ७१ लाख मुगुमा प्रवाह भएको देखिन्छ ।

**तालिका ३.४: जिल्लागत कृषि कर्जा**
**(रु. दश लाखमा)**

| जिल्ला | २०८२ पुस मसान्त | हिस्सा (प्रतिशत) |
|---|---|---|
| डोल्पा | १७५.७८ | ३.६ |
| मुगु | १२७.१८ | २.६ |
| हुम्ला | २६०.२० | ५.३ |
| जुम्ला | ५२०.१२ | १०.६ |
| कालीकोट | १४४.०५ | २.९ |
| दैलेख | ३५२.२३ | ७.२ |
| जाजरकोट | ३८६.१७ | ७.९ |
| रुकुम पश्चिम | ५९८.२० | १२.२ |
| सल्यान | ६१९.८२ | १२.७ |
| सुर्खेत | १७१०.२७ | ३४.९ |
| **कर्णाली प्रदेश** | **४८९४.०४** | **१००.०** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ३.६ कृषि क्षेत्रको चुनौती र सम्भावना

### ३.६.१ चुनौती

१. यातायात सुविधा, सिँचाई सुविधा तथा अन्य आवश्यक भौतिक पूर्वाधारहरुको विकास गरी कृषि क्षेत्रमा लक्ष्य अनुसारको वृद्धि हासिल गर्नु ।

२. कृषि क्षेत्रमा आवश्यक श्रमिकको अभाव भएको हुँदा कृषि पेशालाई सम्मानित पेशा र आयआर्जनको भरपर्दो स्रोतको रुपमा स्थापित गरी युवाहरुको बढ्दो विदेश पलायन दर रोक्नु ।

३. कृषि तथा पशुपालन क्षेत्रमा समय-समयमा देखिने महामारीजन्य रोगबाट हुने जोखिम न्यूनीकरण गर्नु ।

४. प्राविधिक तालिम, प्राविधिकको सहज उपलब्धता, उन्नत बीउबिजन, मल र अन्य कृषि सामग्रीहरुमा कृषकहरुको पहुँच बढाउनु ।

### ३.६.२ सम्भावना

१. यस प्रदेशको जाजरकोट, सल्यान, दैलेख जिल्लाहरुमा High Value Crops अन्तर्गत मसलाजन्य वस्तुहरु जस्तैः टिमुर, अलैंची र किवी, ओखर जस्ता फलफूलहरुको खेती गरी उत्पादन तथा उत्पादकत्व बढाउन सकिने सम्भावना रहेको छ ।

२. अनुकूल भौगोलिक बनावट तथा स्वदेशी र अन्तर्राष्ट्रिय बजारमा बढ्दो मागको कारण यस प्रदेशलाई कृषि उत्पादनको प्रमुख केन्द्रका रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।

३. कृषि तथा जडीबुटीजन्य कच्चा पदार्थको प्रचुर उपलब्धताले कृषि र जडीबुटीमा आधारित उद्योग स्थापना गरी युवाहरुका लागि उद्यमशीलता प्रवर्द्धन तथा रोजगारी सृजना गर्न सकिने सम्भावना रहेको छ ।

४. जुम्ला र हुम्ला लगायतका हिमाली जिल्लाहरुमा व्यवसायिक रुपमा स्याउ, सिमी, ओखर, मार्सि चामल आदिको खेती गर्न सकिने उच्च सम्भावना रहेको छ ।

# परिच्छेद ४: उद्योग क्षेत्र


आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान १०.०७ प्रतिशत रहने अनुमान छ। यस प्रदेशमा उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धिदर १.५१ प्रतिशत र निर्माण क्षेत्रको कुल मूल्य अभिवृद्धिदर २.७२ प्रतिशत हुने प्रारम्भिक अनुमान छ।

## ४.१ प्रमुख उद्योगको क्षमता उपयोग तथा उत्पादन

समीक्षा अवधिमा प्रदेशमा नमूना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ४४.२५ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा त्यस्ता उद्योगहरुको क्षमता उपयोग औसत ४०.२२ प्रतिशत रहेको थियो। नमूना छनोटमा परेका उद्योगहरुमध्ये कागज उत्पादन गर्ने उद्योगले सबैभन्दा बढी १००.० प्रतिशत क्षमता उपयोग गरेको छ भन बिजुलीका उपकरण अन्तर्गत बिजुलीका तार र केबल उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम अर्थात् ११.० प्रतिशत रहेको छ।

समीक्षा अवधिमा नमूना छनोटमा समेटिएका उद्योगहरुको उत्पादनमध्ये अन्न तथा पशुदाना, चाउमिन, अन्य लत्ता कपडा, गलैंचा, चिरेको काठ, कागज र बिजुलीका तार र केबल उत्पादन गर्ने उद्योगहरुको उत्पादन बढेको छ भने प्रशोधित दुध र छालाको जुत्ता उत्पादन गर्ने उद्योगहरुको उत्पादन घटेको छ।

**चार्ट ४: उद्योगको क्षमता उपयोगको अवस्था**
**(प्रतिशत)**




*स्रोत: नमूना छनौटमा समेटिएका उद्योगहरु।*

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

२०८२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशको औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०८१ पुस मसान्तको तुलनामा १६.४५ प्रतिशतले वृद्धि भई रु.४ अर्ब ४१ करोड ९८ लाख पुगेको छ। २०८१ पुस मसान्तमा अघिल्लो वर्षको तुलनामा यस्तो कर्जा १४.९५ प्रतिशतले बढेर रु.३ अर्ब ७९ करोड ५६ लाख पुगेको थियो। यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जाको अंश ६.८९ प्रतिशत रहेको छ। औद्योगिक कर्जामध्ये सुर्खेत जिल्लामा सबैभन्दा धेरै रु.२ अर्ब ६५ करोड (६०.०९ प्रतिशत) कर्जा लगानी रहेको छ। डोल्पा जिल्लामा सबैभन्दा कम अर्थात् करिब रु.१ करोड ५ लाख (०.२४ प्रतिशत) लगानी रहेको छ।

**तालिका ४.१: जिल्लागत औद्योगिक कर्जा**
**(रु. दश लाखमा)**


| जिल्ला | २०८२ पुस मसान्त | हिस्सा (प्रतिशत) |
|---|---|---|
| डोल्पा | १०.५० | ०.२४ |
| मुगु | ७३.९० | १.६७ |
| हुम्ला | १८६.७६ | ४.२३ |
| जुम्ला | २७७.२५ | ६.२७ |
| कालीकोट | ११०.८४ | २.५१ |
| दैलेख | ३९१.४१ | ८.८६ |
| जाजरकोट | ८०.०४ | १.८१ |
| रुकुम पश्चिम | २४१.५४ | ५.४६ |
| सल्यान | ३९१.८७ | ८.८७ |
| सुर्खेत | २,६५५.७८ | ६०.०९ |
| **कर्णाली प्रदेश** | **४,४१९.८९** | **१००.००** |

*स्रोत: नेपाल राष्ट्र बैंक।*

२०८१ पुस मसान्तको तुलनामा २०८२ पुस मसान्तमा प्रवाहित कर्जामध्ये विद्युत्, ग्याँस तथा पानीसम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा धेरै (२२.४५ प्रतिशत) ले वृद्धि भएको छ। धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक्ससम्बन्धी उद्योगमा २१.९३ प्रतिशतले, निर्माणसम्बन्धी उद्योगमा १९.२६ प्रतिशतले, गैर खाद्य वस्तु उत्पादनसम्बन्धी उद्योगमा १४.१२ प्रतिशतले र कृषि, वन तथा पेय पदार्थ उत्पादनसम्बन्धी उद्योगमा १३.५८ प्रतिशतले वृद्धि भएको छ। यसैगरी, खानीसम्बन्धी उद्योगमा प्रवाहित कर्जा ९.८६ प्रतिशतले घटेको छ।

कुल औद्योगिक कर्जामध्ये निर्माणसम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी (२९.३७ प्रतिशत) रहेको छ भने सबैभन्दा कम कर्जा विस्तार खानीसम्बन्धी उद्योगमा (१.१० प्रतिशत) रहेको छ। त्यसैगरी, गैर खाद्य वस्तु उत्पादनसम्बन्धी उद्योगमा २९.१२ प्रतिशत, कृषि, वन तथा पेय पदार्थ उत्पादनसम्बन्धी उद्योगमा २२.९७ प्रतिशत, धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक्ससम्बन्धी उद्योगमा १२.४३ प्रतिशत र विद्युत्, ग्याँस तथा पानीसम्बन्धी उद्योगमा ४.९९ प्रतिशत कर्जा प्रवाह भएको छ।

**चार्ट ५: औद्योगिक कर्जा लगानी स्थिति**
**(रु. दश लाखमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक।*

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### ४.३.१ चुनौती

१. स्थापना भएका उद्योगहरु पुँजी अभाव तथा बजारीकरणको समस्याका कारण बजारबाट विस्थापित हुँदै जाने क्रम बढेकाले आवश्यक समन्वय तथा सहयोग गरी स्थापित उद्योग कल कारखानाहरुलाई जोगाउनु ।

२. ठूलो संख्यामा युवाहरु वैदेशिक रोजगारीमा जाने गरेकोले उद्योगमा आवश्यक प्राविधिक सीपयुक्त जनशक्तिको व्यवस्थापन गर्नु ।

३. यस प्रदेशको न्यून औद्योगिक पूर्वाधारका आधारमा वैदेशिक लगानी आकर्षण गरी उद्योगको लागि आवश्यक पुँजीको व्यवस्थापन गर्नु ।

४. प्रदेशभित्र औद्योगिक उत्पादनको लागि सानो बजार भएकोले ठूलो बजार पहुँचको लागि आपूर्ति श्रृङ्खला व्यवस्थापन गर्नु ।

### ४.३.२ सम्भावना

१. कर्णाली प्रदेशका उच्च हिमाली जिल्लाहरुमा बहुमूल्य जडिबुटीहरुको प्रचुर मात्रामा उत्पादन हुने गरेकोले सो को प्रशोधनसम्बन्धी उद्योगहरु सञ्चालन गरी रोजगारी प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ ।

२. नेपालको कुल वन क्षेत्रको करिव २० प्रतिशत ओगटेको यस प्रदेशमा वनजन्य उत्पादन राम्रो हुने गरेकोले वन पैदावरसम्बन्धी उद्योगको सम्भावना रहेको छ ।

३. कोहलपुर-सुर्खेत १३२ के.भि. प्रशारण लाईन सञ्चालनमा आएको हुँदा मझौला तथा ठूला उद्योग सञ्चालनको लागि आवश्यक विद्युत आपूर्ती राम्रो हुने सम्भावना रहेको छ ।

४. दैलेखमा पेट्रोलियम पदार्थ उत्खनन प्रक्रियामा रहेको र प्रारम्भिक नतिजा सकारात्मक रहेकोले खानीजन्य उद्योगहरु सञ्चालन गर्न सकिने सम्भावना रहेको छ ।

५. वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुले हाँसिल गरेको प्राविधिक ज्ञान/सीपलाई प्रादेशिक उद्योगहरुमा उपयोग गरी सीप विकास गर्न र कृषि तथा औद्योगिक उत्पादनमा वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ५: सेवा क्षेत्र

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ को राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ६१.८१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। सेवा क्षेत्रको योगदान गत आर्थिक वर्षको तुलनामा सिमान्त रुपमा घटेको देखिन्छ।

## ५.१ पर्यटन

कर्णाली प्रदेशस्थित होटलहरुमध्ये नमूना छनोटमा परेका ८ होटलहरुबाट प्राप्त तथ्याङ्कको आधारमा समग्र कर्णाली प्रदेशको होटल तथा पर्यटन व्यवसायको अवस्था विश्लेषण गरिएको छ (तालिका ५.१)।

कर्णाली प्रदेशस्थित होटलहरुमध्ये नमूना छनोटमा परेका होटलहरुको शैया संख्यामा कुनै परिवर्तन आएको छैन। आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्ममा होटल व्यवसायले सृजना गरेको प्रत्यक्ष रोजगारीमा ४.८४ प्रतिशतले कमी आएको छ। गत वर्षको सोही अवधिमा सो व्यवसायले सृजना गरेको प्रत्यक्ष रोजगारीमा ६.२९ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा यस प्रदेशमा समग्रमा पर्यटक आगमन संख्यामा गत वर्षको सोही अवधिको तुलनामा ५०.०७ प्रतिशतले कमी आएको देखिन्छ। समीक्षा अवधिमा भारत, चीन र तेस्रो मुलुकबाट आगमन हुने पर्यटकको संख्या क्रमशः ५०.८६ प्रतिशत, ७०.८२ प्रतिशत र ३२.४६ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा भारत र तेस्रो मुलुकबाट आगमन हुने पर्यटकको संख्या क्रमशः १२.६२ प्रतिशत र ११.२३ प्रतिशतले बढेको थियो भने चीनबाट आगमन हुने पर्यटकको संख्या १०.२३ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा पर्यटक आगमन संख्या घट्नुमा गैरसरकारी संस्थाहरुका (जस्तैः USAID) कार्यक्रमहरु घट्दै जानु, हवाई इन्धन लगायतका पेट्रोलियम पदार्थहरुको उच्च रुपमा मूल्यवृद्धि हुनु जस्ता कारणहरु रहेको देखिन्छ।

**तालिका ५.१: कर्णाली प्रदेशमा नमुना छनोटमा परेका होटलहरुबाट संकलन गरिएका तथ्याङ्क स्थिति**

| विवरण | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) | आ.व. २०८२/८३ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| **होटल शैयाको संख्या** | ३२७ | ३२९ | ३२९ | ०.६१ | ०.०० |
| **प्रत्यक्ष रोजगारी संख्या** | १७५ | १८६ | १७७ | ६.२९ | -४.८४ |
| **पर्यटक आगमन संख्या** | ३३७० | ३५३७ | १७६६ | ४.९६ | -५०.०७ |
| **भारत** | १२३६ | १३९२ | ६८४ | १२.६२ | -५०.८६ |
| **चीन** | १०६५ | ९५६ | २७९ | -१०.२३ | -७०.८२ |
| **तेस्रो मुलुक** | १०६९ | ११८९ | ८०३ | ११.२३ | -३२.४६ |

*स्रोतः कर्णाली प्रदेशस्थित नमूना छनोटमा परेका होटलहरु, २०८२।*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा यस प्रदेशमा घरजग्गा रजिष्ट्रेशन संख्या ९.६२ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा सो संख्या ८.९४ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन वापतको राजस्व ६७.८८ प्रतिशतले वृद्धि भई रु.२७ करोड ५६ लाख पुगेको छ (तालिका ५.२)। गत वर्षको सोही अवधिमा यस्तो राजस्व २१.७३ प्रतिशतले बढेर रु.१६ करोड ४२ लाख पुगेको थियो। यसैगरी, घर/भवन नक्सा पास संख्या ३४.५५ प्रतिशतले घटेको छ।

**तालिका ५.२: सार्वजनिक निर्माण तथा रियलस्टेट**

| विवरण | आ.व. २०८१/८२ (साउन-पुस) | आ.व. २०८२/८३ (साउन-पुस) |
|---|---|---|
| **घरजग्गा रजिष्ट्रेशन संख्या** | ८८२३ | ७९७४ |
| **घर/भवन स्थायी नक्सा पास संख्या** | १०१६ | ६६५ |
| **घरजग्गा रजिष्ट्रेशन राजस्व (रु. दश लाखमा)** | १६४.२२ | २७५.६९ |

*स्रोत: भूमि व्यवस्था तथा अभिलेख विभाग ।*
*घर/भवन स्थायी नक्सा पास संख्याको तथ्याङ्क कर्णाली प्रदेशका १० वटा स्थानीय तहमा आधारित ।*

## ५.३ वित्तीय सेवा

कर्णाली प्रदेशमा २०८२ पुस मसान्तमा वाणिज्य बैंकका २ सय १९, विकास बैंकका २१, वित्त कम्पनीका ३ र लघु वित्त वित्तीय संस्थाका २ सय ३७ शाखा सञ्चालनमा रहेका छन् (तालिका ५.३) ।


**तालिका ५.३: बैंक तथा वित्तीय संस्थाका शाखाहरुको जिल्लागत विवरण**
**(२०८२ पुस मसान्त)**

| जिल्ला | वाणिज्य बैंक | विकास बैंक | वित्त कम्पनी | लघुवित्त संस्था | जम्मा |
|---|---|---|---|---|---|
| दैलेख | २६ | १ | ० | ३२ | **५९** |
| डोल्पा | १३ | ० | ० | ४ | **१७** |
| हुम्ला | ९ | १ | ० | ३ | **१३** |
| जाजरकोट | १६ | १ | ० | १९ | **३६** |
| जुम्ला | २३ | १ | ० | १५ | **३९** |
| कालिकोट | १७ | ० | ० | १३ | **३०** |
| मुगु | ९ | ० | ० | ५ | **१४** |
| रुकुम पश्चिम | २३ | २ | १ | ३० | **५६** |
| सल्यान | २६ | ५ | १ | ४५ | **७७** |
| सुर्खेत | ५७ | १० | १ | ७१ | **१३९** |
| **जम्मा** | **२१९** | **२१** | **३** | **२३७** | **४८०** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

बैंक तथा वित्तीय संस्थाले यस प्रदेशबाट संङ्कलन गरेको कुल निक्षेप २०८१ पुस मसान्तको तुलनामा २६.१९ प्रतिशतले वृद्धि भई २०८२ पुस मसान्तमा रु.९३ अर्ब ७३ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप १२.५७ प्रतिशतले वृद्धि भएको थियो ।

**चार्ट ६: निक्षेप तथा कर्जाको स्थिति**
**(रु. अर्बमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

२०८२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कुल कर्जा २०८१ पुस मसान्तको तुलनामा ८.३२ प्रतिशतले वृद्धि भई रु.६४ अर्ब १५ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा २५.२० प्रतिशतले वृद्धि भएको थियो । २०८२ पुस मसान्तमा कर्जा-निक्षेप अनुपात ६८.० प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अनुपात ८०.० प्रतिशत रहेको थियो ।

## ५.४ यातायात

आर्थिक वर्ष २०८२/८३ को साउनदेखि पुस मसान्तसम्ममा जुम्ला जिल्लामा दर्ता भएका सवारी साधनको संख्या ४.५७ प्रतिशतले घटेर १६७ कायम भएको छ । गत वर्षको सोही अवधिमा सो संख्या ३२.५८ प्रतिशतले बढेको थियो ।

**तालिका ५.४: यातायातका साधनको संख्या (जुम्ला)**

| विवरण/आ.व. | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) | आ.व. २०८२/८३ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| यातायातका साधनको कुल संख्या | १३२ | १७५ | १६७ | ३२.५८ | -४.५७ |
| मोटरसाईकल | १०९ | १५२ | १४२ | ३९.४५ | -६.५८ |
| अन्य | २३ | २३ | २५ | ०.० | ८.७० |

*स्रोत: यातायात व्यवस्था कार्यालय, जुम्ला ।*
*नोट: यातायात व्यवस्था कार्यालय, सुर्खेतबाट २०८२ पुस मसान्तसम्मको तथ्याङ उपलब्ध नभएको ।*

समीक्षा अवधिमा मोटरसाईकल दर्ताको संख्या ६.५८ प्रतिशतले घटेको छ भने अन्य सवारी साधन दर्ताको संख्या ८.७० प्रतिशतले बढेको छ ।

## ५.५ सेवा क्षेत्र कर्जा

२०८२ पुस मसान्तमा कर्णाली प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०८१ पुस मसान्तको तुलनामा ९.०८ प्रतिशतले वृद्धि भई रु.५४ अर्ब ८३ करोड ६५ लाख पुगेको छ । २०८१ पुस मसान्तमा यस्तो कर्जा २७.३३ प्रतिशतले बढेको थियो । कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ८५.४८ प्रतिशत रहेको छ ।

सेवा क्षेत्रमा प्रवाहित कुल कर्जामध्ये उपभोग्य क्षेत्रमा सबैभन्दा धेरै रु.२५ अर्ब १६ करोड ६ लाख प्रवाहित भएको छ भने सबैभन्दा कम वित्त, बीमा तथा अचल सम्पत्ति क्षेत्रमा रु.६ करोड ७५ लाख प्रवाहित भएको छ । कुल सेवा क्षेत्र कर्जामध्ये शिक्षा क्षेत्रमा प्रवाहित कर्जा सबैभन्दा बढी ६७.५५ प्रतिशतले वृद्धि भएको छ भने थोक तथा खुद्रा बिक्रेता क्षेत्रमा सबैभन्दा कम १.९१ प्रतिशतले ह्रास आएको छ । साथै, वित्त, बीमा तथा अचल सम्पत्ति १४.४५ प्रतिशत, उपभोग्य कर्जा १४.०७ प्रतिशत, यातायात, संचार र सार्वजनिक उपयोग १३.५१ प्रतिशत, पर्यटन ८.३९ प्रतिशत, स्वास्थ्य सेवा र अन्य सामाजिक कार्य ८.२९ प्रतिशतले वृद्धि भएको छ । घर जग्गा र अन्य सेवा क्षेत्रमा प्रवाहित कर्जा क्रमश: १.७५ प्रतिशत र १.६४ प्रतिशतले घटेको छ ।

**तालिका ५.५: जिल्लागत सेवा क्षेत्र कर्जा**
**(रु.दश लाखमा)**

| जिल्ला | २०८२ पुस मसान्त | हिस्सा (प्रतिशत) |
|---|---|---|
| डोल्पा | ८०८.६० | १.४७ |
| मुगु | ७५०.७३ | १.३७ |
| हुम्ला | ५५०.५५ | १.०० |
| जुम्ला | ३,०१९.१५ | ५.५१ |
| कालीकोट | १,३९६.७६ | २.५५ |
| दैलेख | ३,६४२.३६ | ६.६४ |
| जाजरकोट | २,००२.८२ | ३.६५ |
| रुकुम पश्चिम | ४,४१३.७५ | ८.०५ |
| सल्यान | ३,८८०.९६ | ७.०८ |
| सुर्खेत | ३४,३७०.८४ | ६२.६८ |
| **कर्णाली प्रदेश** | **५४,८३६.५४** | **१००** |


*स्रोतः नेपाल राष्ट्र बैंक ।*

सेवा क्षेत्रअन्तर्गत प्रवाह भएको कर्जामा सुर्खेत जिल्लाको अंश सबैभन्दा धेरै (६२.६८ प्रतिशत) र हुम्ला जिल्लाको अंश सबैभन्दा कम (१.० प्रतिशत) रहेको छ (तालिका ५.५) ।

## ५.६ सहकारी क्षेत्र

कर्णाली प्रदेशमा सञ्चालनमा रहेका सहकारीहरु मध्ये १० वटा सहकारीहरुको नमूना छनोट गरी यस प्रदेशको सहकारी क्षेत्रको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ। २०८२ पुस मसान्तमा यस प्रदेशमा सहकारी संस्थाहरुको कुल पुँजी ६.०६ प्रतिशतले वृद्धि भई रु.२ अर्ब १४ करोड ३५ लाख पुगेको छ। २०८१ पुस मसान्तमा यस्तो पुँजी ६.०९ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, २०८२ पुस मसान्तमा सहकारी संस्थाहरुको कुल बचत ८.८२ प्रतिशतले वृद्धि भई रु.३ अर्ब ९७ करोड ७३ लाख पुगेको छ। २०८१ पुस मसान्तमा यस्तो बचत २०.४४ प्रतिशतले वृद्धि भएको थियो ।

**चार्ट ७: छनौटमा परेका सहकारी संस्थाहरुको २०८२ पुस मसान्तको विवरण**
**(रु. करोडमा)**




*स्रोतः नमूना छनोटमा परेका सहकारी संस्थाहरु ।*

२०८२ पुस मसान्तमा कर्णाली प्रदेशका नमूना छनोटमा परेका सहकारी संस्थाहरुको कुल ऋण प्रवाह २०८१ पुस मसान्तको तुलनामा ४.१७ प्रतिशतले वृद्धि भई रु.४ अर्ब ३१ करोड ८१ लाख पुगेको छ। त्यसैगरी, २०८२ पुस मसान्तमा सदस्य संख्या २०८१ पुस मसान्तको तुलनामा १.३५ प्रतिशतले वृद्धि भएको छ। २०८२ पुस मसान्तमा सहकारी संस्थाले सृजना गरेको रोजगारी २०८१ पुस मसान्तको तुलनामा ३.५८ प्रतिशतले घटेको छ।

## ५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना

### ५.७.१ चुनौती

१. कर्णाली प्रदेशका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक एवम् पर्यटकीय स्थानहरुमा पर्यटकस्तरीय होटल/लजहरु, यातायात, विद्युत, सञ्चार एवम् अन्य भौतिक पूर्वाधारहरुको भरपर्दो र गुणस्तरीय रुपमा विकास गर्नु।

२. प्रदेशभित्र विशेषगरी ग्रामीण क्षेत्रमा रहेका बासिन्दाहरुमा बैंकिङ तथा वित्तीय प्रणालीको बारेमा जानकारी गराउने, वित्तीय साक्षरता अभिवृद्धि गर्ने, डिजिटल बैंकिङ र आधुनिक सूचना प्रविधिको बारेमा डिजिटल साक्षरता अभिवृद्धि गरी डिजिटल डिभाइड कम गर्नु।

३. प्रदेशभित्रको स्वास्थ्य क्षेत्रमा भरपर्दो र गुणस्तरीय अस्पतालको पूर्वाधार, दक्ष जनशक्ति, आधुनिक प्रविधि तथा उपकरणको व्यवस्थापन गरी प्रदेशमै सेवा उपलब्ध गराउनु।

### ५.७.२ सम्भावना

१. यस प्रदेशमा रहेको प्राकृतिक, सांस्कृतिक तथा धार्मिक महत्व बोकेका पर्यटकीय क्षेत्रहरुमा पर्यटकस्तरीय होटल/लजहरुका साथै भरपर्दो र गुणस्तरीय भौतिक पूर्वाधारहरुको निर्माण गरी पर्यटकहरुको आगमन संख्या वृद्धि गर्न सकिने सम्भावना रहेको छ।

२. जुम्ला जिल्लामा सञ्चालित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट उत्पादन हुने जनशक्तिलाई यस प्रदेशको स्वास्थ्य प्रणालीसँग आवद्ध गरेर गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न सकिने सम्भावना रहेको छ।

३. सुर्खेत विमानस्थललाई स्तरोन्नती गरी प्रदेश अन्तर्गतका जिल्लाहरुमा हवाई सेवा नियमितरुपमा सञ्चालन गर्न सकेमा पर्यटकीय स्थलहरुको प्रचार-प्रसार हुन गई आय तथा रोजगारी बढ्न सक्ने सम्भावना रहेको छ।

४. प्रदेशभित्रका रणनीतिक महत्व बोकेका प्रादेशिक तथा स्थानीय सडकहरुको निर्माण समयमै सम्पन्न हुन सकेमा यस क्षेत्रको स्वास्थ्य, शिक्षा, व्यापार र पर्यटनमा सकारात्मक प्रभाव पर्न सक्ने सम्भावना रहेको छ।

# परिच्छेद ६ : पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

कर्णाली प्रदेश सरकारबाट हालसम्म निर्माण भएका कालोपत्रे, ग्राभेल र कच्ची सडक गरी कुल सडक लम्बाई ४,२६९.७३ किलोमिटर पुगेको छ। कुल सडकमध्ये कालोपत्रे ६.२३ प्रतिशत, ग्राभेल १७.७४ प्रतिशत र कच्ची सडक ७६.०३ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८२/८३ को साउनदेखि पुस मसान्तसम्म कालोपत्रे, ग्राभेल र कच्ची सडक गरी कुल लम्बाई १४४.०४ किलोमिटर विस्तार भएको छ। भौगोलिक विकटताको कारणले कर्णाली प्रदेशमा सडक सञ्जाल अन्य प्रदेशको तुलनामा कम रहेको छ। प्रदेशका ९ वटा विमानस्थलहरुमध्ये ६ वटा विमानस्थल सञ्चालनमा रहेका छन्।

**तालिका ६.१: कर्णाली प्रदेशमा निर्माण भएको सडकसम्बन्धी विवरण**
**(किलोमिटर)**

| विवरण/आ.व. | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ (पुस मसान्तसम्म) | जम्मा |
|---|---|---|---|---|---|---|---|
| कालोपत्रे | ३३.०२ | १५.९० | ३०.०३ | ९४.८० | ७५.८३ | १६.६१ | **२६६.१९** |
| ग्राभेल | २००.५४ | ११३.१५ | १२०.३१ | १८६.०६ | ९३.५९ | ४३.६ | **७५७.२५** |
| कच्ची | १२११.८७ | ५८९.१२ | ६२३.११ | ४२०.४६ | ३१७.९० | ८३.३३ | **३२४६.२९** |
| **जम्मा** | **१४४५.४३** | **७१८.१७** | **७७३.४५** | **७०१.३२** | **४८७.३२** | **१४४.०४** | **४२६९.७३** |

*स्रोत: भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत।*

२०८२ को पुस मसान्तसम्ममा कर्णाली प्रदेश सरकारमार्फत् निर्माण सम्पन्न भएका झोलुङ्गे पुलको संख्या १५३ र मोटरेवल पुलको संख्या ५९ पुगेको छ। समीक्षा अवधिमा १८ वटा झोलुङ्गे पुल र ६ वटा मोटरेवल पुल निर्माण भएका छन्।

**तालिका ६.२: कर्णाली प्रदेशमा निर्माण भएको पुलसम्बन्धी विवरण**

| विवरण/आ.व. | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ (पुस मसान्तसम्म) | जम्मा |
|---|---|---|---|---|---|---|---|
| मोटरेवल पुल | ९ | ८ | ५ | १८ | १३ | ६ | **५९** |
| झोलुङ्गे पुल | ८ | ९ | ३८ | ३६ | ४४ | १८ | **१५३** |

*स्रोत: भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत।*

यस प्रदेशमा रणनीतिक महत्वका पूर्वाधार आयोजनाहरु देहायबमोजिम रहेका छन्।

### क) पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना

आर्थिक वर्ष २०६४/६५ मा शुरु भई २०८४/८५ मा सम्पन्न गर्ने लक्ष्य रहेको पुष्पलाल (मध्यपहाडी) राजमार्गको कुल लम्बाई १,८७९ किलोमिटर रहेको छ। २०८२ फागुनसम्म यस राजमार्गको १५२९ किलोमिटर सडक कालोपत्रे भएको छ भने राजमार्गमा पर्ने १३७ पुलमध्ये २०८२ फागुनसम्म ११४ वटा पुल निर्माण भएको छ (स्रोत: आर्थिक सर्वेक्षण २०८२/८३)। पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, दैलेख अन्तर्गत रुकुम पूर्व पातिहाल्नेदेखि अछामको चौखुट्टेसम्म ४४० किलोमिटर सडक र १८ वटा पुल निर्माण गर्नुपर्ने कार्य रहेको छ। जसमध्ये कर्णाली प्रदेशमा जम्मा ३ वटा जिल्लाहरु रुकुम पश्चिम, जाजरकोट र दैलेख जिल्ला पर्दछन्। रुकुमपश्चिम जिल्ला (६६ कि.मि.), जाजरकोट जिल्ला (८५ कि.मि.) र दैलेख जिल्ला (१२४ कि.मि.) गरी जम्मा २७५ कि.मि. पुष्पलाल राजमार्गको सडक कर्णाली प्रदेशमा पर्दछ।

### ख) कर्णाली करिडोर सडक

कर्णाली करिडोर (२६९ किलोमिटर) अन्तर्गत २०८२ असारसम्म २६८.८ किलोमिटर ट्र्याक निर्माण सम्पन्न भएकोमा २०८२ फागुनसम्म ०.२ किलोमिटर थप ट्र्याक निर्माण भई सम्पूर्ण ट्र्याक निर्माण सम्पन्न भएको छ। यस करिडोर अन्तर्गत हालसम्म ४१.५ किलोमिटर ग्राभेल सडकको निर्माण सम्पन्न भएको छ। (स्रोत: आर्थिक सर्वेक्षण २०८२/८३)। सडक रेखाङ्कनले छोएका जिल्लाहरु कालिकोट, बाजुरा र हुम्ला पर्दछन्। कालिकोटको खुलालुदेखि

सिमिकोट हिल्सासम्म पक्की सडक निर्माण गरी हुम्लालाई सडक संजालमा जोड्ने तथा उक्त क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकता परिपूर्तिको लागि पहुँच अभिवृद्धि हुने, पर्यटन प्रवर्द्धन हुने, स्थानीय कृषि तथा जडिबुटी उत्पादन बजारसम्म पुर्‍याउन सहज हुने साथै जनताको जीवनस्तर सुधार हुने अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० मा शुरु भएको आयोजना आर्थिक वर्ष २०८४/८५ मा सम्पन्न हुने लक्ष्य रहेको छ।

### ग) मदन भण्डारी राजमार्ग आयोजना

नेपालको पूर्वी क्षेत्र कोशी प्रदेशको झापा जिल्ला, वेलडाँगीबाट-सुदुरपश्चिम प्रदेशको डडेलधुरा जिल्लाको बुडारे रुपाल सम्म १३०० कि.मी. लम्बाईमा निर्माणाधिन पूर्व पश्चिम जोड्ने राष्ट्रिय महत्वको आयोजनाको रुपमा मदन भण्डारी राजमार्ग रहेको छ। आ.व. २०८२/८३ को पुस मसान्तसम्म ३३ किलोमिटर सडक कालोपत्रे तथा १५ वटा पक्की पुल निर्माण गर्ने काम सम्पन्न भएको छ। (स्रोतः मदन भण्डारी राजमार्ग आयोजना कार्यालय, सुर्खेत)।

**मदन भण्डारी राजमार्ग आयोजना अन्तर्गत कर्णाली प्रदेशमा भएको प्रगति**

| शिर्षक | बजेट (रु.) | खर्च भएको रकम (रु.) | प्रगति प्रतिशत |
|---|---|---|---|
| पुँजीगत बजेट | ९४,००,००,०००.०० | ७५,९२,५५,३०७.९५ | ८०.७७ |
| चालु बजेट | १,७३,७५,०००.०० | १,०२,५४,४०८.१० | ५९.०२ |

कर्णाली प्रदेशको सन्दर्भमा यस आयोजनाले लुम्बिनी-कर्णाली-सुदुरपश्चिम प्रदेश जोड्न सहयोग गरी आर्थिक, सामाजिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रमा टेवा पुग्ने देखिन्छ।

### घ) भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

नेपालको पहिलो जल पथान्तरणमा आधारित यस आयोजना अन्तर्गत सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिकाको चिप्लेस्थित भेरी नदीमा करीव १२० मिटर लामो ब्यारेज सहित डिसिल्टिङ्ग वेसिन र ४.२० मिटर ब्यास भएको १२.२ कि.मि. लामो सुरुङ्ग मार्फत ४० घनमिटर प्रति सेकेण्ड पानी बबई नदीमा खसालिने छ। आयोजना सम्पन्न भएपछि ४६.८ मेगावाट विद्युत उत्पादनका साथै बबई नदीमा उपलब्ध हुने थप पानीबाट बर्दियास्थित बबई आयोजनाको बाँधको उपयोग गर्दै बर्दिया र बाँके जिल्लाका करिव ५१,००० हेक्टर कृषियोग्य जमिनमा बाह्रै महिना सिँचाई सुविधा उपलब्ध हुनेछ। आ.व. २०८२/८३ को फाल्गुनसम्म समष्टिगत भौतिक प्रगति ६५ प्रतिशत एवं वित्तीय प्रगति ५५ प्रतिशत रहेको छ। (स्रोतः भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना कार्यालय, सुर्खेत)।

**कुल बजेट र खर्च रकम**
**आ.व. २०८२/८३ (साउनदेखि पुस मसान्तसम्म)**

| शीर्षक | आ.व. २०८२/८३ को कुल विनियोजित बजेट (लाखमा) | चालु आ.व.को पुससम्मको खर्च (लाखमा) | पुस महिनासम्मको प्रगति (प्रतिशत) | कार्यान्वयनमा रहेका/सम्पन्न भएका मुख्य कार्यक्रमहरु |
|---|---|---|---|---|
| चालु | २७९.२ | ८८.८१ | ३२ | |
| पुँजीगत | १७२६३ | ५८३९.२२ | ३४ | सिभिल, हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकल निर्माण कार्य |
| **जम्मा** | **१७५४२.२** | **५९२८.०३** | **३४** | |

यस भेरी बबई बहुउद्देश्यीय आयोजनाको कार्यान्वयनबाट कर्णाली क्षेत्रमा तत्कालिन र दीर्घकालिन रुपमा सकारात्मक सामाजिक तथा आर्थिक प्रभाव पर्ने आंकलन गरिएको छ। आयोजनाले मुख्य रुपमा लुम्बिनी प्रदेशमा सिँचाई सुविधामा सहयोग पुर्‍याउने भएतापनि कर्णाली प्रदेशमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा रोजगारी, राजस्व, पर्यटन र कृषि-उर्जासम्बन्धी गतिविधिबाट कर्णालीको गरिबी न्यूनीकरण र आर्थिक वृद्धिमा योगदान गर्न सक्ने अनुमान छ।

**बक्स १: पेट्रोलियम अन्वेषण परियोजना, दैलेख**



**पेट्रोलियमा अन्वेषण स्थल, जलजले, दैलेख ।**

नेपालमा पेट्रोलियम पदार्थको सम्भाव्यतासम्बन्धी प्रारम्भिक अध्ययन विश्व बैंकको सहयोगमा वि.सं. २०३६ मा सम्पन्न भएपछि वि.सं. २०३९ मा पेट्रोलियम अन्वेषण परियोजना स्थापना गरिएको थियो । प्रारम्भिक भूगर्भीय तथा भौगर्भिक अध्ययनले विशेषगरी नेपालको तराई तथा पश्चिमी क्षेत्रमा पेट्रोलियम तथा प्राकृतिक ग्यासको सम्भावना रहेको संकेत गरेपछि व्यवस्थित अन्वेषण कार्य अगाडि बढाइएको हो । परियोजनाको मुख्य उद्देश्य नेपालभित्र सम्भावित लगानी तथा प्राविधिक सहयोग आकर्षित गर्नु तथा दीर्घकालिन उर्जा सुरक्षामार्फत आर्थिक विकासलाई टेवा पुऱ्याउनु रहेको छ । परियोजनाका मुख्य कार्यहरुमा पेट्रोलियम अन्वेषण, विकास तथा उत्पादनसम्बन्धी गतिविधिको प्रवर्द्धन, अन्तर्राष्ट्रिय कम्पनीहरुलाई प्रतिस्पर्धात्मक प्रक्रियामार्फत सहभागी गराउने, भूगर्भीय तथा भौगर्भिक अध्ययन सञ्चालन गर्ने तथा सम्भावित पेट्रोलियम क्षेत्रहरुमा अन्वेषण कार्यको समन्वय गर्ने रहेको छ । परियोजनालाई प्राविधिक रुपमा सुदृढ बनाउन नेपाल सरकार र जनवादी गणतन्त्र चीनबीच सहकार्य भएको तथा China Geological Survey को सहयोगमा विशेषगरी दैलेख क्षेत्रमा वैज्ञानिक अध्ययन तथा अन्वेषण कार्य सम्पन्न गरिएको छ ।

अन्वेषण कार्यअन्र्तगत भूगर्भीय सर्वेक्षण, पेट्रोलियम भूगर्भीय अध्ययन, भू-रासायनिक परीक्षण, रिमोट सेन्सिङ सर्वेक्षण, Magnetotoluric (MT) सर्वेक्षण, Two-dimensional (2D) seismic सर्वेक्षण तथा परीक्षण ड्रिलिङ कार्यहरु सम्पन्न गरिएको छ । यी अध्ययन तथा परीक्षणहरुबाट विभिन्न क्षेत्रमा हाइड्रोकार्बनको संकेत प्राप्त भएको तथा प्राकृतिक ग्यासयुक्त संरचनाहरु फेला परेकोले नेपालमा व्यवसायिक रुपमा पेट्रोलियम उत्पादनको सम्भावना सकारात्मक देखिएको निष्कर्ष निकालिएको छ ।

वित्तीय पक्षतर्फ चीन सरकारले करिब १३६ मिलियन आरएमबी बराबरको प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराएको छ । उक्त सहयोगले फिल्ड अध्ययन, प्राविधिक विश्लेषण, ड्रिलिङ तथा तथ्याङ्क संकलन कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ । साथै, आगामी दिनमा थप लगानी, आधुनिक प्रविधि तथा अन्तर्राष्ट्रिय सहकार्यमार्फत अन्वेषण कार्यलाई व्यवसायिक उत्पादनतर्फ उन्मुख गर्नुपर्ने आवश्यकता औंल्याइएको छ । समग्रमा, नेपालको विशेषगरी पश्चिमी क्षेत्रमा पेट्रोलियम तथा प्राकृतिक सम्भावना उत्साहजनक रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । यद्यपि व्यवसायिक उत्पादन अझै प्रारम्भ नभएतापनि हालसम्मका वैज्ञानिक अध्ययन परीक्षण तथा अन्वेषण गतिविधिबाट प्राप्त नतिजाले भविष्यमा उर्जा सुरक्षामा सुधार, इन्धन आयातमा कमी, रोजगारी सृजना तथा दीर्घकालीन आर्थिक तथा औद्योगिक विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

*स्रोत: खानी तथा भूगर्भ विभाग, पेट्रोलियम अन्वेषण परियोजना ।*

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ६.२.१ चुनौती

१. कर्णाली प्रदेशको मुख्य सडक कर्णाली राजमार्ग तथा अन्य मुख्य दुई महत्वपूर्ण करिडोर भेरी करिडोर र कर्णाली करिडोरको विकास, विस्तार तथा स्तरोन्नतिको कार्यलाई तीव्र बनाई सुरक्षित र भरपर्दो सडक पूर्वाधार निर्माण गर्नु ।

२. प्रदेश राजधानी सुर्खेतदेखि यस प्रदेशका उच्च हिमाली तथा पहाडी जिल्लाहरुमा नियमित हवाई सेवा सुचारु गर्न आवश्यक नीतिगत व्यवस्था गर्ने तथा विमानस्थलहरुको स्तरोन्नतिको कार्यलाई तिव्रता दिनु ।

३. ग्रामीण क्षेत्रहरुमा रहेका विद्यालयहरुमा भौतिक पूर्वाधारहरुको निर्माण गर्नु ।

४. कठिन भौगोलिक अवस्थाका बावजुत अत्यावश्यक भौतिक पूर्वाधारहरुको निर्माण तथा पुनर्निर्माण कार्यहरु समयमै सम्पन्न गर्नु ।

### ६.२.२ सम्भावना

१. यस प्रदेशमा कर्णाली र भेरी लगायतका साना/ठूला धेरै नदीहरु भएकोले यस्ता नदीहरुको उपयोग गरी विद्युत उत्पादन गर्न सकिने सम्भावना रहेको छ ।

२. यस प्रदेशमा इन्टरनेट, मोबाइल नेटवर्क र डिजिटल सेवा अझै पनि सिमित रहेकोले डिजिटल कनेक्टिभिटी विस्तार गरी शिक्षा, स्वास्थ्य तथा व्यापारको क्षेत्रमा सुधार ल्याउन सकिने सम्भावना रहेको छ ।

३. सिँचाई, भण्डारण र कोल्डस्टोरेजको व्यवस्थापन राम्रो बनाउन सकेको खण्डमा कृषि उत्पादन तथा बजार विस्तार गर्न सकिने सम्भावना रहेको छ ।

४. धार्मिक, सांस्कृतिक तथा वातावरणीय रुपले महत्वपूर्ण क्षेत्रहरुहले भरिपूर्ण यस प्रदेशमा पर्यटन पूर्वाधारको विकास गरी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सकिने उच्च सम्भावना रहेको छ ।

## ६.३ रोजगारी

राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत यस प्रदेशमा आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तमा कालिकोट जिल्लामा सबैभन्दा धेरै आयोजनाहरु सञ्चालनमा रहेका छन् भने मुगु जिल्लामा सबैभन्दा कम आयोजनाहरु सञ्चालनमा रहेका छन । आ.व. २०८२/८३ को साउनदेखि पुस मसान्तसम्ममा डोल्पा जिल्लाका युवाहरुले सबैभन्दा बढी दिन रोजगारी प्राप्त गरेको देखिन्छ भने कालिकोट, रुकुम-पश्चिम, सल्यान, सुर्खेत जिल्लाका युवाहरुले यस्तो कार्यक्रमबाट रोजगारी प्राप्त गरेको देखिँदैन (तालिका ६.३) ।

**तालिका ६.३: राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमअन्तर्गत जिल्लागत रोजगारीको विवरण**

| जिल्ला | कुल आयोजना संख्या (२०८२ पुस मसान्त) | कुल रोजगारी प्राप्त संख्या (आ.व. २०८२/८३ साउन-पुस) | कुल रोजगारी प्रदान दिन (आ.व. २०८२/८३ साउन-पुस) |
|---|---|---|---|
| रुकुम पश्चिम | ३७ | ० | ० |
| सल्यान | ३५ | ० | ० |
| डोल्पा | ५० | ७० | ७००० |
| जुम्ला | ६१ | ४१ | ४२१७.४ |
| मुगु | २२ | २ | ५२ |
| हुम्ला | ३५ | ५२ | ५२२९ |
| कालिकोट | ७५ | ० | ० |
| जाजरकोट | ५९ | १२ | ११९०.५ |
| दैलेख | ६० | ६० | ६००० |
| सुर्खेत | ४१ | ० | ० |
| **जम्मा** | **४७५** | **२३७** | **२३६८८.९** |

*स्रोत: राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम, २०८२ ।*

### ६.३.१ वैदेशिक रोजगारी

आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्म Recruiting Agency को सङ्ख्या ६,६२४ रहेको छ। G2G मार्फत वैदेशिक रोजगारीमा जाने नेपालीको सङ्ख्या २५९ रहेको छ।

वैदेशिक रोजगारीबाट स्वदेश फर्किने श्रमिकहरु मध्ये अधिकांशले पुन: श्रम स्वीकृति लिने गरेका छन् भने केही वैदेशिक रोजगारीबाट सिकेको सीपलाई स्वदेशमा उपयोग गरी स्वरोजगार कार्यमा संलग्न रहेको पाइन्छ। स्वदेशमा रोजगारीका पर्याप्त अवसर नहुनाले वर्षेनि भरपर्दो आयआर्जनको खोजीको सिलसिलामा विदेशिने नेपालीहरुको सङ्ख्या बढ्दो क्रममा रहेको छ। समीक्षा अवधिमा कर्णाली प्रदेशबाट वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिनेको संख्या २,१६६ रहेको छ।

**तालिका ६.४: जिल्लागत वैदेशिक रोजगारीको विवरण**
**आ.व. २०८२/८३ (साउन-पुस)**

| जिल्ला | रिर्क्युटिङ्ग एजेन्सी | नयाँ व्यक्ति | जी टु जी | पुन श्रम स्वीकृति | कुल (पुन श्रम स्वीकृति सहित) | कुल (पुन श्रम स्वीकृति बाहेक) |
|---|---|---|---|---|---|---|
| रुकुम पश्चिम | ६३५ | २११ | ४१ | ६२२ | १५०९ | ८८७ |
| सल्यान | १६२४ | ५०६ | ३३ | १७१२ | ३८७५ | २१६३ |
| डोल्पा | १५८ | ६९ | ५ | ५५ | २८७ | २३२ |
| जुम्ला | ३७७ | ९७ | ९ | १६२ | ६४५ | ४८३ |
| मुगु | १८७ | ८३ | ३ | ६४ | ३३७ | २७३ |
| हुम्ला | १९४ | ७१ | ४ | ७३ | ३४२ | २६९ |
| कालिकोट | २४८ | ९० | २८ | ११२ | ४७८ | ३६६ |
| जाजरकोट | ७७९ | १४१ | १३ | ३६४ | १२९७ | ९३३ |
| दैलेख | ९४५ | ३३२ | ६२ | ६३२ | १९७१ | १३३९ |
| सुर्खेत | १४७७ | ५६६ | ६१ | १२२१ | ३३२५ | २१०४ |
| **जम्मा** | **६६२४** | **२१६६** | **२५९** | **५०१७** | **१४०६६** | **९०४९** |

*स्रोत: वैदेशिक रोजगार विभाग, २०८२।*

## ६.४ रोजगारीको चुनौती र सम्भावना

### ६.४.१ चुनौती

१. तालिम तथा सीप विकास कार्यक्रम, युवा स्वरोजगार कार्यक्रमहरु ग्रामीण तहमा प्रभावकारी ढङ्गले सञ्चालन गरी रोजगारी प्रदान गर्नु।

२. प्रदेशमै पर्याप्त मात्रामा उपलब्ध हुने कच्चा पदार्थमा आधारित उद्योगहरु स्थापना गरी बेरोजगारी दर घटाउनु।

३. वैदेशिक रोजगारीमा हुन सक्ने जोखिम न्यूनीकरण गरी वैदेशिक रोजगारीमा भएका नेपालीहरुका लागि सुरक्षाको प्रत्याभुति गराउनु।

### ६.४.२ सम्भावना

१. स्थानीय कच्चा पदार्थमा आधारित आधुनिक तथा व्यवसायिक कृषि प्रणाली अवलम्बन गरी स्थानीय स्तरमा रोजगारी र उद्यमशीलता प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ।

२. यस प्रदेशमा रहेका मूल्यवान र महत्वपूर्ण स्थानीय, घरेलु र औद्योगिक वस्तुहरुको उत्पादन गरी रोजगारी सृजना गर्न सकिने सम्भावना रहेको छ।

३. यस प्रदेशमा आवश्यक पूर्वाधार विकासका कार्यहरु जस्तै सडक सञ्जाल विस्तार, पुल निर्माण, विमानस्थल निर्माण गरी अस्थायी र स्थायी रोजगारी सृजना गर्न सकिने सम्भावना रहेको छ।

४. वैदेशिक रोजगारीबाट फर्किएका युवा जनशक्तिको सीप, पुँजी, प्रविधि र अनुभवको प्रयोग गरी Returnee Entrepreneurship Program सञ्चालन गरी रोजगारीका अवसरहरु सृजना गर्न सकिने सम्भावना रहेको छ।

# परिच्छेद ७: प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ प्रादेशिक सरकारी वित्त

### प्रदेश सरकारी खर्च

आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश अन्तर्गत प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत अनुसार आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्म कर्णाली प्रदेश सरकारको कुल खर्च रु.४ अर्ब ५३ करोड ३४ लाख भएको छ । गत वर्षको सोही अवधिमा कुल खर्च रु.४ अर्ब ७५ करोड ४८ लाख रहेको थियो । समीक्षा अवधिको कुल खर्चमा चालु र पुँजीगत खर्चको हिस्सा क्रमशः ६५.१७ प्रतिशत र ३४.८३ प्रतिशत रहेको छ । यस अवधिमा पुँजीगत खर्च र चालु खर्चमा क्रमश : ५.४२ प्रतिशत र ४.२५ प्रतिशतले कमी आएको छ ।

**तालिका ७.१: प्रदेशगत खर्चको स्थिति**
**(रु. करोडमा)**

| शीर्षक/आ.व. | २०८१/८२ (साउन-पुस) | २०८२/८३ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| चालु खर्च | ३०८.५४ | २९५.४४ | -४.२५ |
| पुँजीगत खर्च | १६६.९४ | १५७.९० | -५.४२ |
| वित्तीय व्यवस्था | | | |
| **कुल** | ४७५.४८ | ४५३.३४ | -४.६६ |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।*

### राजस्व परिचालन

समीक्षा अवधिमा कर्णाली प्रदेश सरकारको कुल राजस्व गत वर्षको सोही अवधिको तुलनामा ११.३३ प्रतिशतले वृद्धि भई रु.४ अर्ब ५९ करोड ८९ लाख सङ्कलन भएको छ । गत वर्षको सोही अवधिमा रु.४ अर्ब १३ करोड ८ लाख राजस्व सङ्कलन भएको थियो । कुल राजस्वमा कर, गैरकर र अन्य राजस्वको योगदान क्रमशः ९६.३४ प्रतिशत, २.६७ प्रतिशत र ०.९९ प्रतिशत रहेको छ । समीक्षा अवधिमा अन्य प्राप्तिसहित कुल प्राप्ति रु.४ अर्ब ७७ करोड २ लाख रहेको छ । गत वर्षको सोही अवधिमा कुल प्राप्ति रु.४ अर्ब ३१ करोड १५ लाख रहेको थियो ।

**तालिका ७.२: प्रदेशगत राजस्व परिचालनको स्थिति**
**(रु. करोडमा)**

| शीर्षक/आ.व. | २०८१/८२ (साउन-पुस) | २०८२/८३ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| कर राजस्व | ३९९.०१ | ४४३.०६ | ११.०४ |
| गैर कर राजस्व | १०.४४ | १२.२९ | १७.७२ |
| अन्य | ३.६३ | ४.५४ | २५.०७ |
| **कुल राजस्व** | **४१३.०८** | **४५९.८९** | **११.३३** |
| अन्य प्राप्ति (राजस्व बाँडफाँड) | १८.०७ | १७.१३ | -५.२० |
| **कुल प्राप्ति** | **४३१.१५** | **४७७.०२** | **१०.६४** |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।*

## ७.२ स्थानीय सरकारको वित्तीय स्थिति विश्लेषण

कर्णाली प्रदेशमा रहेकामध्ये ५ वटा नगरपालिकाहरु छनोट गरी स्थानीय सरकारको वित्तीय स्थिति विश्लेषण गरिएको छ । आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्ममा गत वर्षको सोही अवधिको तुलनामा चालु खर्च र पुँजीगत खर्चमा क्रमशः ३८.८३ प्रतिशत र ६२.७७ प्रतिशतले ह्रास आएको छ । समीक्षा अवधिमा कर राजस्व १३.१० प्रतिशतले वृद्धि भएको छ भने गैर कर राजस्वमा २१.७२ प्रतिशतले ह्रास आएको छ ।

**तालिका ७.३: कर्णाली प्रदेशको स्थानीय तहहरुको खर्च र राजस्व प्राप्तिको स्थिति**

**(रु. करोडमा)**

| शीर्षक | उप-शीर्षक | २०८१/८२ (साउन-पुस) | २०८२/८३ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| **खर्च** | चालु खर्च | ११७.२० | ७१.६९ | -३८.८३ |
| | पुँजीगत खर्च | ३६.६६ | १३.६५ | -६२.७७ |
| **राजस्व** | कर राजस्व | ५.४९ | ६.२१ | १३.१० |
| | गैर कर राजस्व | ५.३० | ४.१५ | -२१.७२ |

*स्रोत: कर्णाली प्रदेशस्थित ५ स्थानीय तहहरु ।*

* ५ वटा नगरपालिकाहरु भित्र वीरेन्द्रनगर नगरपालिका, सुर्खेत, ठूलीभेरि नगरपालिका, डोल्पा, खाँडाचक्र नगरपालिका, कालिकोट, भेरि नगरपालिका, जाजरकोट र मुसिकोट नगरपालिका, रुकुम पश्चिमलाई छनोट गरिएको छ ।

## परिच्छेद ८: आर्थिक परिदृष्य

यस परिच्छेदमा कर्णाली प्रदेशका कृषि, उद्योग, सेवा तथा पूर्वाधार क्षेत्रका तथ्याङ्क प्रदायक संस्थाका प्रतिनिधिहरुसँग गरिएको छलफल तथा आर्थिक परिदृश्यसम्बन्धी प्रश्नावलीमार्फत प्राप्त विवरणका आधारमा चालु आर्थिक वर्षको बाँकी अवधिको परिदृश्य प्रस्तुत गरिएको छ ।

### ८.१ कृषि क्षेत्र

यस प्रदेशमा संघीय तथा प्रदेश सरकारले कृषि क्षेत्रलाई प्राथमिकतामा राखि तुलनात्मक लाभ भएका वस्तुहरुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नका लागि कार्यक्रम र बजेट थप गरेको, सिँचाई सुविधामा विस्तार भएको आदि कारणले कृषि उत्पादन, पशुपंछी तथा माछा उत्पादनमा सामान्य वृद्धि हुने अनुमान गरिएको छ । ऋणमा कृषकहरुको पहुँच, आधुनिक कृषि प्रविधिको बढ्दो प्रयोग, उन्नत जातका बीउहरुको बढ्दो प्रयोग, प्राङ्गारिक कृषि प्रवर्द्धन, रैथाने बाली र खाद्यान्न बाली प्रवर्द्धन, विभिन्न पालिकाहरुमा व्यवसायिक तरकारी खेती तथा अन्य तरकारी खेतीसम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम लगायतका अन्य कार्यक्रमहरु सञ्चालनमा रहेको कारणले समग्र कृषि उत्पादनमा केही सुधार हुने अनुमान गरिएको छ ।

### ८.२ औद्योगिक क्षेत्र

यस प्रदेशको भौगोलिक विकटता, विद्युत आपूर्तिमा समस्या, कच्चा पदार्थको कमी, मागको कमी जस्ता कारणहरूले उत्पादनमूलक उद्योगहरू पूर्ण क्षमतामा सञ्चालन हुन नसक्दा औद्योगिक विकास र औद्योगिक उत्पादनमा उल्लेख्य मात्रामा वृद्धि हुन नसकेको देखिन्छ । तथापि, आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेश सरकारको बजेट मार्फत रैथाने उत्पादनमा वृद्धि गर्न सञ्चालन गर्ने मेक इन कर्णाली र मेड इन कर्णाली अभियान, युवा लक्षित उद्यमको विकास गर्न बिजनेस इन्क्युवेसन सेन्टर स्थापना तथा कर्णाली लगानी फण्ड र कर्णाली स्टार्टअप फण्डको व्यवस्थाको कारण औद्योगिक क्षेत्रको उत्पादनमा सामान्य सुधार हुने अनुमान गरिएको छ ।

### ८.३ सेवा क्षेत्र

बैंकिङ क्षेत्रमा देखिएको उच्च तरलतासँगै व्याजदरमा आएको कमीले यस प्रदेशमा कर्जाको मागमा वृद्धि हुने अनुमान गरिएको छ । वित्तीय क्षेत्रमा डिजिटल प्रविधिको बढ्दो प्रयोगका साथै अर्थतन्त्रको समष्टिगत मागमा सुधार भईरहेको अवस्थामा शिक्षा, स्वास्थ्य, यातायात र वित्तीय सेवा लगायत समग्र सेवा क्षेत्रमा सुधारको अपेक्षा राख्न सकिन्छ । समग्रमा सेवा क्षेत्रमा सकारात्मक सुधारको संकेत देखिएतापनि सार्वजनिक निर्माण तथा रियलस्टेट क्षेत्रमा रहेको संकुचनले कुल सेवा क्षेत्रको वृद्धिदरलाई सीमित गर्न सक्ने अनुमान गरिएको छ । विगत केही समयदेखि पश्चिम एशियालगायत विश्व-भूराजनीतिमा देखिएको तनावका साथै मध्यपूर्वी देशहरुमा चलिरहेको युद्धका कारण वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्यामा कमी आई आगामी दिनमा विप्रेषण आप्रवाह प्रभावित हुने देखिन्छ ।

### ८.४ पूर्वाधार क्षेत्र

कर्णाली प्रदेशमा अन्तरप्रदेश जोड्ने सडकहरु, ग्रामीण एवम् अन्य सडकहरूको विस्तार तथा स्तरोन्नतिका कार्य भईरहेको, कर्णाली करिडोर, पुष्पलाल (मध्यपहाडी) राजमार्ग, मदन भण्डारी राजमार्ग, भेरी बबई डाइभर्सनजस्ता राष्ट्रिय महत्वका आयोजनाहरु अगाडि बढिरहेको, प्रदेश सरकारको भौतिक पूर्वाधार विकास अन्तर्गतका बजेट र योजनाहरु कार्यान्वयनका क्रममा रहेकोले स्थानीय स्तरमा रोजगारी सृजना भई आर्थिक क्रियाकलापहरुमा वृद्धि हुने अनुमान गरिएको छ । त्यसैगरी, विद्युत प्रसारण लाइन निर्माण, पर्यटन पूर्वाधारको निर्माण, ऊर्जा, सूचना प्रविधि र खानेपानीसँग सम्बन्धित पूर्वाधार निर्माणले आर्थिक वर्ष २०८२/८३ मा प्रदेशको समग्र आर्थिक गतिविधिमा सुधार आउने अनुमान गरिएको छ ।

*   *   *